# वार्षिक प्रगति प्रतिवेदन

## (आर्थिक वर्ष २०८१।८२)

लुम्बिनी प्रदेश सरकार

**लुम्बिनी प्रदेश योजना आयोग**

राप्ती उपत्यका (देउखुरी), नेपाल

२०८२, असोज

# आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन

लुम्बिनी प्रदेश सरकार

## लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल

२०८२, असोज

# विषयसूची


परिच्छेद-१ : परिचय ........ १

१.१ लुम्बिनी प्रदेश योजना आयोगको गठन ........ १

१.२ लुम्बिनी प्रदेश योजना आयोगको संरचना ........ १

परिच्छेद-२ : आयोगको काम, कर्तव्य र अधिकार ........ ५

२.१ आयोगको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था ........ ५

२.२ प्रदेश विकास परिषद् ........ ७

परिच्छेद -३ : प्रदेश योजना आयोगबाट सम्पादित महत्वपूर्ण कार्य एवम् उपलब्धिहरु ........ ९

३.१ आ.व.२०८१/८२ मा सम्पादित कार्यहरुको विवरणः ........ ९

३.२ आयोगबाट हालसम्म प्रकाशित केही महत्वपूर्ण प्रकाशनहरुको सूची ........ १०

३.३ गत आर्थिक वर्षमा सम्पादित कार्यहरुको सम्क्षिप्त जानकारी ........ ११

परिच्छेद ४ः वार्षिक विकास कार्यक्रमको प्रगति तथा वेरुजुको अवस्था ........ २१

४.१ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण ........ २१

४.२ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ........ २२

४.३ आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण ........ २३

४.४ बेरुजुको अवस्था ........ २३

४.५ आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः ........ २४

४.६ आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ........ २४

४.७ आर्थिक वर्ष २०८०/८१ मा खर्च हुन नसकेको चालु तथा पुँजीगत कार्यकम : ........ २४

परिच्छेद - ५ : नीति निर्माणमा आयोगको भूमिका ........ २६

५.१ दीर्घकालीन तथा आवधिक नीति तथा योजना निर्माणमा आयोगको भूमिका ........ २६

५.२ वार्षिक नीति तथा कार्यक्रम तर्जुमामा आयोगको भूमिका ........ २६

५.३ आयोगबाट हालसम्म प्रकाशित नीति तथा योजनासंग सम्बन्धित केही महत्वपूर्ण दस्तावेजहरु ........ २६

परिच्छेद ६ : शासकीय सुधार र सुशासन प्रवर्धनका लागि गरेको प्रयास र परिणाम ........ ३०

६.१ लुम्बिनी प्रदेश सरकारको १४ बुँदे निर्देशन कार्यान्वयनको अवस्था ........ ३०

६.२ सूचनाको हक सम्बन्धमा ........ ३१

परिच्छेद ७ : समस्या/चुनौती, समाधानका उपाय र निष्कर्ष ........ ३२

अनुसूची १ः मिति २०८१।०८।१३ को प्रदेश विकास समस्या समाधान समिति बैठकबाट भएका निर्णयहरु ........ ३३

अनुसूची २ः मिति २०८१।१२।१९ को प्रदेश विकास समस्या समाधान समिति बैठकबाट भएका निर्णयहरु ........ ३८

अनुसूची ३ः मिति २०८१।११।१९ गतेको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट भएका निर्णयहरु ........ ३९

अनुसूची ४: आर्थिक वर्ष २०८२।८३ का लागि आयोगबाट छनौट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरिएका प्रदेश विशेष अनुदानका आयोजना/कार्यक्रमहरु ........ ४०
अनुसूची ५: गत आर्थिक वर्षमा ठेक्का सहमति दिई आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाईएका आयोजना/कार्यक्रमहरु ........ ४५
अनुसूची ६: सङ्घीय समपूरक र विशेष अनुदानको प्राथमिकीकरण सूची ........ ४९
अनुसूची ७: आयोगमा कार्यरत हालसम्मका उपाध्यक्षहरुको विवरण ........ ५१
अनुसूची ८: आयोगको सचिवालयमा कार्यरत हालसम्मका प्रमुखहरुको विवरण ........ ५१
अनुसूची ९: आ.व. २०८१।८२ मा संचालित कार्यक्रमहरुको केही तस्वीरहरु ........ ५२

# परिच्छेद-१ : परिचय

## १.१ लुम्बिनी प्रदेश योजना आयोगको गठन

प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७४ चैत्र ६ गतेको निर्णयानुसार *प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४* स्वीकृत भई सोही गठन आदेशबमोजिम प्रदेश योजना आयोगको गठन गरिएको हो। हाल लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० कार्यान्वयनमा रहेको छ। प्रदेशको दूरगामी सोंचसहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालिन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट सुचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो।

## १.२ लुम्बिनी प्रदेश योजना आयोगको संरचना


लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०८० को दफा २ मा योजना आयोगको गठन सम्बन्धी व्यवस्था रहेको छ। उक्त दफामा आयोगको सांगठनिक संरचनामा देहाय बमोजिमका पदाधिकारी सम्मिलित रहने व्यवस्था गरिएको छ:

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) | प्रदेश सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| (ग) | प्रदेश सरकारबाट नियुक्त कम्तिमा एक महिला सहित बढीमा ३ जना | - सदस्य |
| (घ) | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य (पदेन) |
| (ङ) | प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य (पदेन) |
| (च) | अध्यक्षले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव | - सदस्य सचिव |

उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा देहायका विषय, क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने र उपाध्यक्ष र सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था रहेको छ:

(क) आर्थिक विकास
(ख) सामाजिक तथा मानव विकास र सुशासन
(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा
(घ) कृषि तथा पर्यटन
(ङ) प्राकृतिक र मानवीय स्रोत व्यवस्थापन

## आयोगको संरचना





*नोटः आयोगको नियमित बैठकमा पदेन सदस्यको उपस्थिति अनिवार्य गरिएको छैन।*

## १.३  आयोगको सचिवालयको संगठन संरचना र जनशक्ति विवरण:

लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० को दफा १८ मा आयोगको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। साथै उक्त दफामा सचिवालयमा रहने कर्मचारीको दरबन्दी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुने व्यवस्था छ। हाल कायम रहेको प्रदेश योजना आयोगको सचिवालयको संगठन संरचना र कर्मचारीको दरबन्दी विवरण निम्नानुसार रहेको छ :

**चित्र नं. २ संगठन संरचना**




*नोट : १ जना हलुका सवारी चालक आयोगका उपाध्यक्षको पदको नियुक्तिसँगै कायम हुने र पद रिक्त वा पदमुक्त भएमा स्वत : पदमुक्त हुने।*

## १.४ आर्थिक वर्ष २०८१/८२ को स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० | |
| २. | उप सचिव | प्रदेश प्रशासन | सा.प्र. | अधिकृत नवौ/दशौ | १ | ० | १ | |
| ३. | अधिकृत | प्रदेश प्रशासन | सा.प्र. | सातौ/आठौ | १ | ० | १ | |
| ४. | तथ्याङ्क अधिकृत | प्रशासन | तथ्याङ्क | सातौ/आठौ | १ | १ | ० | |
| ५. | सहायक/अधिकृत | प्रशासन | सामान्य प्रशासन | पाँचौ/अ.छैठौं | २ | १ | १ | |
| ६. | सहायक /अधिकृत | प्रशासन | लेखा | पाँचौ/अ.छैठौं | १ | १ | ० | |
| ७. | कम्प्यूटर अपरेटर/कम्प्यूटर अधिकृत | विविध | विविध | पाँचौ/अ.छैठौं | २ | १ | १ | |
| ८. | ह.स.चा. | इन्जिनियरिङ्ग | मे. | श्रेणीविहीन | ३ | २ | १ | करार |
| ९. | का.स. | प्रशासन | सा.प्र. | श्रेणीविहीन | ३ | १ | २ | करार |
| **जम्मा** | | | | | **१५** | **८** | **७** | |

# परिच्छेद-२ : आयोगको काम, कर्तव्य र अधिकार

## २.१ आयोगको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था

### २.१.१ दीर्घकालीन सोंच, तथ्यपरक नीति तथा योजना तर्जुमा

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने;

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने;

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने;

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने;

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने;

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने;

(छ) प्रदेशको स्थिती पत्र, श्वेतपत्र तयार गर्ने;

(ज) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

### २.१.२ अनुगमन तथा मूल्यांकन

(क) अनुगमन तथा मूल्याङ्कन मापदण्ड, कार्यविधि, फ्रेमवर्क बनाउने;

(ख) प्रदेशको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागु गरी संस्थागत गराउने;

(ग) मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्यांकन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने;

(घ) प्रभाव मूल्याङ्कनको आधारमा नीति तथा कार्यान्वयन तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव सुझाव दिने;

(ङ) अनुगमन तथा मूल्यांकनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत, पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

### २.१.३ तहगत समन्वय

संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने।

### २.१.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण

(क) कुनै प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने;

(ख) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने;

(ग) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, प्राकृतिक स्रोत ब्यवस्थापन र सुशासन तथा ब्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र ब्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने बिषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने ।

### २.१.५ अन्य

- प्रदेश विशेष अनुदानका लागि स्थानीय तहबाट प्रस्ताव माग भई आएका आयोजना/कार्यक्रमहरुमध्येबाट छनौट गरी स्वीकृतीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने,
- बहुवर्षीय ठेक्का सहमतिका लागि माग भई आएका आयोजना/कार्यक्रमहरु कार्यान्वयनका लागि मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सहमति प्रदान गरी स्रोत सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने,

- सम्बन्धित मन्त्रालयहरुबाट प्रस्तावित संघीय समपुरक र विशेष अनुदानअन्तर्गत प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना/कार्यक्रमहरुको छनौट तथा प्राथमिकीकरण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने,

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले तोकेबमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयसंगको समन्वयमा प्रदेशको मध्यमकालीन खर्च संरचना निर्माण गर्ने

- बहुक्षेत्रीय पोषण योजना तेस्रो (२०८१।८२-२०८७।८८) मा व्यवस्था भएबमोजिम प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका कार्यहरु गर्ने,

## २.२ प्रदेश विकास परिषद्

आयोगले तर्जुमा गरेको दीर्घकालीन र आवधिक विकास नीति/योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि प्रदेश विकास परिषद् रहने व्यवस्था लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० ले गरेको छ। जसको गठन देहाय वमोजिम हुने व्यवस्था छ:

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरु - सदस्य

(ग) प्रदेश सरकारका प्रमुख सचिव - सदस्य

(घ) प्रदेश-संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता - सदस्य

(ङ) प्रदेश-संसदका समितिका सभापतिहरु - सदस्य

(च) आयोगको उपाध्यक्ष - सदस्य

(छ) आयोगका सदस्यहरु - सदस्य

(ज) प्रदेश सचिव, सबै मन्त्रालय - सदस्य

(झ) सबै जिल्ला समन्वय समितिका प्रमुखहरू - सदस्य

(ञ) स्थानीय तहका प्रमुख/अध्यक्षहरु मध्येबाट परिषदका अध्यक्षले तोकेको बढीमा १२ जना प्रतिनिधि - सदस्य

(ट) प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुनेगरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट कम्तीमा एक तिहाई महिलासहित प्रदेश सरकारबाट मनोनित १२ जना - सदस्य

(ठ) सदस्य सचिव, प्रदेश योजना आयोग

## २.३ प्रदेश विकास समस्या समाधान समिति (PDAC)

"प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५" बमोजिम प्रदेशको समग्र विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधान एवं नेपाल सरकारसंग समन्वय गर्नुपर्ने विषयहरुमा छलफल गरी समस्या समाधान गर्नका लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रदेश स्तरीय सर्वोच्च संयन्त्रका रुपमा प्रदेश विकास समस्या समाधान समिति (PDAC) को व्यवस्था रहेको छ। यस समितिको संरचना देहायबमोजिम हुने ब्यवस्था छः

| | |
|---|---|
| (क) मुख्यमन्त्री | अध्यक्ष |
| (ख) प्रदेश सरकारका मन्त्रीहरु | सदस्य |
| (ग) प्रमुख सचिव, लुम्बिनी प्रदेश सरकार | सदस्य |
| (घ) उपाध्यक्ष, लुम्बिनी प्रदेश योजना आयोग | सदस्य |
| (ङ) प्रदेश योजना आयोगका सदस्यहरु | सदस्य |
| (च) प्रदेश योजना आयोग हेर्ने सचिव | सदस्य सचिव |

(छ) आवश्यकताअनुसार सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रित गर्न सकिने

यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था रहेको छः

- प्रदेश सरकारका मन्त्रालयहरुअन्तर्गत सञ्चालित कार्यक्रम वा आयोजनाको बार्षिक र त्रैमासिक समीक्षा गर्ने,
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने,
- प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएको विभिन्न प्रकारका अनुदानको उपयोग र सोको नतिजाहरुको प्रगतिहरुको समीक्षा गर्ने,
- कार्यक्रम वा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याको अध्ययन तथा मूल्याङ्कन गर्ने गराउने,
- स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कन कार्यको समन्वय गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

# परिच्छेद -३ : प्रदेश योजना आयोगबाट सम्पादित महत्वपूर्ण कार्य एवम् उपलब्धिहरु

## ३.१ आ.व.२०८१/८२ मा सम्पादित कार्यहरुको विवरणः

| | |
|---|---|
| **क)** | **वार्षिक विकास बजेटअन्तर्गतका कार्यक्रमहरु** |
| १. | लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना तयार गरी प्रदेश सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत भएको। |
| २. | वार्षिक/अर्धवार्षिक समीक्षा सहितको प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरिएको। |
| ३. | संघीय समपुरक तथा विशेष अनुदानमा प्रदेश अन्तर्गत संचालन हुने आयोजना/कार्यक्रमको प्राथमिकीकरण गरी प्रदेश सरकार मन्त्रिपरिषद् समक्ष सिफारिस गरिएको। |
| ४. | प्रदेश अन्तर्गत संचालित केही आयोजनाहरुको अनुगमन गरिएको। |
| **ख)** | **नियमित तथा आफ्नै पहलमा भएका अन्य केही कार्यहरु** |
| १. | बहुवर्षीय ठेक्का सहमतिका लागि माग भई आएका आयोजना/कार्यक्रमहरुमध्येबाट ५५ वटा आयोजनाहरुलाई कार्यान्वयनका लागि मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सहमति प्रदान गरी स्रोत सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरिएको। |
| २. | संघीय समपुरक तथा विशेष अनुदानमा प्रदेश अन्तर्गत संचालन हुने आयोजना/कार्यक्रमको प्राथमिकीकरण गरी प्रदेश सरकार मन्त्रिपरिषद् समक्ष सिफारिस गरिएको। |
| ३. | प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक वसी प्रदेशस्तरीय पोषणको विविध आयामबारे छलफल गरिएको । |
| ४. | राष्ट्रिय विकास समस्या समाधान समितिबाट यस प्रदेशको सन्दर्भमा निर्णय हुनुपर्ने विषयवस्तुको तयारी गरिएको। |
| ५. | प्रदेश विशेष अनुदानअन्तर्गत स्थानीय तहहरुबाट प्रस्ताव माग भई आएका आयोजना/ कार्यक्रमहरुमध्येबाट छनौट गरी ८२ वटा आयोजनाहरु स्वीकृतीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने । |
| ६. | प्रदेश विकास समस्या समाधान समितिबाट आयोगका उपाध्यक्षको संयोजकत्वमा गठित कार्यदलहरुको बैठक वसी सम्बन्धित मन्त्रालयबाट राय सुझाव तथा प्रतिवेदन माग गरिएको। |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्रालयसंगको समन्वयमा प्रदेशको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको। |
| ८. | *स्वच्छ तथा पोषणयुक्त खाद्यमा सबैको पँहुच* विषयमा बहुपक्षीय सहभागितासहितको खाद्य प्रणाली |

| | |
|---|---|
| | सम्बाद कार्यक्रम सम्पन्न गरिएको। |
| ९. | प्रदेश आयोजना बैंक संचालन तथा व्यवस्थापन निर्देशिका २०८२ प्रदेश बार्षिक योजना तर्जुमा निर्देशिका, २०८२ को मस्यौदा तयार गरी माननीय मुख्यमन्त्री समक्ष पेश गरिएको । |
| १०. | विकास साझेदारसंगको समन्वयमा तथ्याङ्कीय साक्षरता र तथ्याङ्कीय विश्लेषण कार्यक्रम सम्पन्न गरिएको। |
| ११. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको चिकित्साशास्त्र स्नातक तहको पोषण विषयको पाठ्यक्रम निर्माणमा पृष्ठपोषण तथा सुझाव प्रदान गरिएको। |
| १२. | आर्थिक मामिला तथा योजना मन्त्रालयसंगको समन्वयमा प्रदेशको वार्षिक बजेटको स्रोत अनुमान र खर्चको सीमा निर्धारण सम्बन्धी कार्य भएको। |

## ३.२ आयोगबाट हालसम्म प्रकाशित केही महत्वपूर्ण प्रकाशनहरुको सूची

| क.सं. | प्रकाशनहरुहरु |
|---|---|
| १. | प्रदेश नं. ५ को प्रथम आवधिक योजना (आ.व.२०७६/७७ देखि २०८०/०८१), २०७५ |
| २. | प्रदेश अनुगमन तथा मूल्याङकन दिग्दर्शन, २०७५ |
| ३. | प्रदेश नं. ५ को वस्तुस्थिती विवरण, २०७५ |
| ४. | दीर्घकालीन रणनीतिक योजना (आ.व.२०७९/८० देखि २०८८/०८९) सम्म |
| ५. | शोधबृति सम्बन्धी कार्यविधि, २०७८ |
| ६. | प्रथम आवधिक योजना (२०७६/७७-२०८०/०८१) को प्रथम ४ बर्षको समीक्षा प्रतिवेदन |
| ७. | दोश्रो आवधिक योजनाको अवधारणा पत्र र विस्तृत दस्तावेजको मस्यौदा |
| ८. | दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्बजनिक खर्चको खोजिनीति सर्वेक्षण, २०७९ |
| ९. | बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतिकरण स्रोत पुस्तिका, २०७९ |
| १०. | लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०८० |
| ११. | असल खानपान सम्बन्धी मार्गदर्शन, २०८० |
| १२. | RESOURCE MAPING AND GROWTH DIAGNOSTIC STUDY OF LUMBINI PROVIENCE, २०८१ |

## ३.३ गत आर्थिक वर्षमा सम्पादित कार्यहरुको सम्क्षिप्त जानकारी

### १. वार्षिक समीक्षा तथा प्रदेश विकास समस्या समाधान समितिको बैठक :

"प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५" बमोजिम प्रदेशको समग्र विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधान एवं नेपाल सरकारसंग समन्वय गर्नुपर्ने विषयहरुमा छलफल गरी समस्या समाधान गर्नका लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रदेश स्तरीय सर्वोच्च संयन्त्रका रुपमा प्रदेश विकास समस्या समाधान समिति (PDAC) को व्यवस्था रहेको छ। सोही व्यवस्था अनुरुप आ. व. २०८०।८१ को वार्षिक समीक्षा तथा प्रदेश विकास समस्या समाधान समिति (PDAC) को बैठक मिति २०८१ मंसीर १३ भएको थियो। साथै २०८१।८२ को अर्धवार्षिक समीक्षासहित गत आ.व.मा चैत्र १९ गते दोस्रो पटक सो समितिको बैठक सम्पन्न भएको थियो। विभिन्न विषयहरुमा केन्द्रित रही सम्पन्न भएका ती बैठकमा देहायका विषयवस्तुहरु प्रस्तुत भएका थिए:


१. प्रदेश अन्तर्गतका मन्त्रालय/निकायबाट संचालित कार्यक्रमहरु, प्रदेश गौरव आयोजना/कार्यक्रमहरुको आ.व. २०८०।८१ को कुल बजेट र वार्षिक लक्ष्य सहितको भौतिक तथा वित्तीय प्रगति तथा आ.व. २०८१।८२ को प्रथम अर्धवार्षिक समीक्षा,
२. कम प्रगति भएका आयोजनाहरुको समस्या समाधानका लागि गरिएका प्रयासहरु, समस्या समाधान हुन नसकेका विषय, प्रदेशस्तरीय विकास समस्या समाधान समितिले निर्णय गरी राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्नुपर्ने विषयहरु र समाधानका विकल्पहरु,
३. प्रदेशस्तरका विकास आयोजना/कार्यक्रम सहज रुपमा कार्यान्वयनका लागि प्रदेश विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समितिले लिनुपर्ने नीतिगत निर्णयहरु,
४. संघबाट यस प्रदेशमा संचालित राष्ट्रिय गौरव लगायत मुख्य मुख्य आयोजना/कार्यक्रमहरुको कार्यान्वयन अवस्था तथा समस्या समाधानका लागि सुझाव,
५. छिमेकी प्रदेशसंग संयुक्त रुपमा संचालित आयोजना/कार्यक्रम भए सोको कार्यान्वयनको अवस्था, सहजीकरण र समन्वयका सम्बन्धमा कुनै सुझाव भए सोको विवरण,
६. संघबाट समपूरक र विशेष अनुदान अन्तर्गत संचालित कार्यक्रम आयोजनाको कार्यान्वयन अवस्था, सहजीकरण र समन्वयका विषयहरु,
७. अन्तर प्रदेशगत समन्वय गर्नुपर्ने विषयहरु।

### २. बहुवर्षीय आयोजनाहरुको ठेक्का सहमति

प्रदेश सरकारका मन्त्रालय एवं अन्तर्गतका निकायबाट संचालन हुने विभिन्न बहुवर्षीय आयोजनाको समुचित व्यवस्थापन एवं स्रोत सुनिश्चितता गर्न र स्रोतको व्यवस्थापनलाई व्यवहारिक बनाउनका लागि प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० बमोजिम प्रदेश सरकारले प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ जारी गरेको छ। उक्त मापदण्डबमोजिम कुल लागत अनुमान पाँच करोड रुपियाँभन्दा बढी भएका बहुवर्षीय आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउन यस आयोगबाट ठेक्का सहमति


वा स्वीकृती लिनुपर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम गत आ.व.२०८१।८२ मा यस आयोगबाट बहुवर्षीय ठेक्का सहमति दिईएका आयोजनाहरु देहाय बमोजिम रहेका छन् :

आर्थिक वर्ष २०८१।८२ मा ठेक्का सहमति दिई स्रोत सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएका बहुवर्षीय आयोजनाहरुको जिल्लागत वितरण हेर्दा सवैभन्दा बढी करिव १३० करोड रुपिया बराबरका आयोजना रुपन्देही जिल्लाअन्तर्गतका रहेका छन् त्यसपछि पाल्पामा ६४ करोड र रुकुम पूर्वमा करिब ८ करोड बराबरका आयोजनाहरु रहेको देखिन्छ।




विषय क्षेत्रगत रुपमा सवैभन्दा वढी सडक पूर्वाधारमा ३५०.२ करोड र पुलमा १५० करोड बराबरका आयोजनाका लागि ठेक्का सहमति दिएको देखिन्छ ।

विगत २ आर्थिक वर्षमा ठेक्का सहमति दिइएका बहुवर्षीय आयोजनाहरुको जिल्लागत र विषयक्षेत्रगत वितरण चित्रमा देखाइएको छ:




## ३. प्रदेश विशेष अनुदानअन्तर्गतका आयोजना/कार्यक्रमको छनौट

स्थानीय तहबाट संचालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ९ बमोजिम प्रदेश सरकारले विशेष अनुदान कार्यक्रम संचालन कार्यबिधि, २०७६ (दोस्रो संशोधन २०८१ समेत) जारी गरेको छ। यो कार्यविधि बमोजिम शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्न उत्पादन अभिवृद्धि तथा वितरण, पिछडिएको क्षेत्र, अल्पसंख्यक तथा पिछडिएको समुदायको उत्थान, सामाजिक विकास र विपद्को क्षेत्रका विशेष योजना तथा कार्यक्रम साथै प्रदेश सरकारले निर्णय गरी घोषणा गरेका अन्य विशेष योजना तथा कार्यक्रमहरुका लागि विशेष अनुदान प्रदान गर्नसक्ने व्यवस्था रहेको छ ।


स्थानीय तहबाट प्रस्ताव भई आएका आयोजना तथा कार्यक्रमहरु छनौट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्नका लागि यस आयोगका उपाध्यक्षको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका योजना हेर्ने उपसचिव, विषयगत मन्त्रालयका योजना हेर्ने महाशाखा प्रमुख र आर्थिक मामिला मन्त्रालयका वित्त व्यवस्थापन महाशाखा प्रमुख सदस्य तथा आयोगका प्रशासकीय प्रमुख सदस्य सचिव रहने समितिको व्यवस्था रहेको छ।

यस समितिले आर्थिक वर्ष २०८२।८३ का लागि स्थानीय तहबाट प्रस्ताव माग भई आएका आयोजना तथा कार्यक्रमहरुमध्येबाट छनौट गरी १५ करोड रुपैया रकम बराबरका ८२ वटा आयोजना/कार्यक्रमहरु आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरेको थियो।

जिल्लागत रुपमा हेर्दा कुल १५ करोड रकममध्ये सबैभन्दा बढी गुल्मी जिल्लामा १३.६ र त्यसपछि रोल्पामा १३.३ प्रतिशत रकम विशेष अनुदानमा सिफारिस भएको छ। त्यसैगरी सबैभन्दा कम नवलपरासी पश्चिममा २.१ र रुकुम पूर्वमा ४ प्रतिशत मात्र रकम सिफारिस भएको छ।



विषय क्षेत्रगत रुपमा कुल अनुदान रकममध्ये खानेपानी तथा सरसफाइका आयोजना/कार्यक्रममा सबैभन्दा बढी ३१.७, त्यसपछि क्रमश: शिक्षामा २७.९ र स्वास्थ्यमा २०.१ प्रतिशत अनुदान रकम सिफारिस भएको छ। सबैभन्दा कम सीमान्तकृत तथा पिछडिएको क्षेत्र अन्तर्गतका आयोजनाहरुमा ३.७ र अन्य( पोषण, विपद्) मा ३.५ प्रतिशत रकम सिफारिस भएको छ। पछिल्लो ३ आर्थिक वर्षमा आयोगबाट छनौट गरी सिफारिस भएका आयोजना/कार्यक्रमको जिल्लागत र विषयगत क्षेत्रगत वितरण तालिकामा दिइएको छ:




## ४. दोस्रो आवधिक योजना (आ.व. २०८१/०८२-२०८५/०८६) को निर्माण

प्रदेशको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) को अवधि आर्थिक वर्ष २०८०/८१ मा पूरा भएको थियो। लुम्बिनी प्रदेश योजना आयोगले विगतका बर्षहरुको अनुभव, उपलब्धी, सिकाई समेतलाई ध्यानमा राखेर दोस्रो योजना अवधिका लागि लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट समेतलाई मार्गदर्शन प्रदान गर्ने तथा समग्र प्रदेशको सन्तुलित विकास र समृद्धिका प्रतिफलको समन्यायिक वितरणलाई सुनिश्चित गर्ने आधार तय गर्ने गरी आगामी दोस्रो आवधिक योजना (आ.व. २०८१/०८२-२०८५/०८६)को अवधारणा पत्र तयार गरेको थियो। साथै, दोस्रो आवधिक योजनाको अन्तिम दस्तावेजको मस्यौदा तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजना, दिगो विकासका लक्ष्य तथा मध्यम आय स्तरको विकासोन्मुख मुलुकको रूपमा नेपाललाई स्तरोन्नति गर्ने लक्ष्यलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्थाका साथै प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको घोषणापत्रलाई समेत आधार लिइएको छ। लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाको कार्यान्वयन स्थिति र दीर्घकालीन रणनीतिक योजनाले लिएका सोच तथा लक्ष्य प्राप्तिमा दोस्रो योजना केन्द्रित हुने उल्लेख छ । दोस्रो आवधिक योजनाका केही प्रमुख विषयवस्तु देहायबमोजिम रहेको छ:

**सोंच** : "समृद्ध लुम्बिनी: खुसी नागरिक"

दिगो, उच्च र समतामूलक अर्थतन्त्र; पर्यावरणीय सन्तुलन; सामाजिक समावेशिता र सुशासनसहितको स्वस्थ, सुसंस्कृत तथा सहज जीवनस्तर भएका खुसी नागरिक बसोबास गर्ने प्रदेश ।

**लक्ष्य:** दिगो र समावेशी आर्थिक विकास सहितको सामाजिक न्यायमा आधारित समुन्नत समाज निर्माण गर्ने।

दिगो र समावेशी आर्थिक विकासलाई आधार बनाई सामाजिक न्याय, सुरक्षा र सांस्कृतिक विविधता सुनिश्चित गर्दै समुन्नत समाज निर्माण गर्ने दीर्घकालीन लक्ष्य ।

**उद्देश्य :** योजनाको दीर्घकालीन सोँच तथा लक्ष्य प्राप्त गर्न देहायबमोजिमका उद्देश्यहरू रहेका छन्ः

- कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
- गुणस्तरीय स्वास्थ्य र शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गरी स्वस्थ र दक्ष मानव पुँजीको निर्माण गर्नु,
- सघन अन्तरआबद्धता सहितको दिगो र गुणस्तरीय पूर्वाधार विकास गर्नु,
- व्यावसायिक सीप र प्रविधिमा आधारित उद्यमशीलताको विकास गरी उत्पादनशील रोजगारीको सिर्जना गर्नु,
- सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण गर्नु,
- नवीनतम अभ्यास र प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहमा पहुँच र सुशासन अभिवृद्धि गर्नु,
- नीतिगत र कानुनी सुधारमार्फत स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्दै उच्च तथा तीव्र आर्थिक वृद्धि हासिल गर्नु ।

**समष्टिगत रणनीति**

योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न देहायबमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछः

(१) कृषि, उद्योग, पर्यटन, पूर्वाधार, जल विद्युत् र सूचना प्रविधिजस्ता उच्च आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने क्षेत्रमा लगानी केन्द्रित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(२) सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणका लागि आन्तरिक आय र राजस्वको क्षेत्र एवम् दायरा विस्तार गर्ने,

(३) स्वस्थ र उत्पादनशील मानव पुँजी विकासका लागि गुणस्तरीय तथा सहज स्वास्थ्य सेवामा पहुँच र प्रविधिमैत्री, जीवनोपयोगी एवम् रोजगारमूलक शिक्षाको अवसर सुनिश्चित गर्ने,

(४) सघन अन्तरआबद्धता कायम हुने गरी रणनीतिक महत्त्वका पूर्वाधारको विकास र विस्तार गर्ने,

(५) बस्तुगत मापदण्डमा आधारित स्रोतसाधनको विनियोजन, उत्पादनशील क्षेत्रमा लगानी र खर्च गर्ने क्षमतामा वृद्धि गर्दै समग्र व्यवस्थापन क्षमतामा दक्षता हासिल गर्ने,

(६) व्यावसायिक सीप र उद्यमशीलताको विकासमार्फत रोजगारी सिर्जना गर्ने,

(७) लक्षित वर्ग एवम् समुदायको संरक्षण र सशक्तीकरणमार्फत सामाजिक न्याय तथा समता कायम गर्ने,

(८) प्रदेशले उपलब्ध गराउने सबै प्रकारका सेवामा निष्पक्षता, पारदर्शिता एवम् जवाफदेहिताको सुनिश्चितता कायम गरी सुशासन प्रत्याभूति गर्ने,

(९) विद्यमान नीति, कानुन, प्रक्रिया र संरचनाहरूमा सुधार गरी निजी क्षेत्रको लगानी एवम् साझेदारीका लागि अनुकूल वातावरण निर्माण गर्ने,

(१०) वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्ने,

(११) वन क्षेत्रको गुणस्तर वृद्धि एवम् कृषिमा जैविक प्रणाली अवलम्बन गर्दै हरित अर्थतन्त्रलाई सवल बनाउने,

(१२) शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा प्रवाह, सञ्चार, व्यवसाय लगायतका सबै क्षेत्रमा सूचना प्रविधिको अधिकतम् प्रयोग गर्दै अर्थतन्त्रलाई डिजिटलाइज्ड बनाउने ।

**विकासका संवाहक :**

योजनाले परिलक्षित गरेको दिर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न विकासका प्रमुख संवाहक देहायबमोजिम रहेका छन्:

(१) कृषि, उद्योग र पर्यटन

(२) स्वस्थ एवम् दक्ष मानव संसाधन

(३) पूर्वाधार (अन्तरप्रदेश तथा आन्तरिक अन्तरआबद्धता)

(४) उद्यमशीलता र उत्पादनशील रोजगारी

(५) हरित तथा डिजिटल अर्थतन्त्र

(६) सेवा प्रवाह, सुशासन तथा समावेशिता

(७) सूचना प्रविधि

**५. सङ्घीय समपूरक तथा विशेष अनुदानका लागि प्रस्तावित आयोजना/ कार्यक्रमहरूको प्राथमिकता निर्धारणः**

आधारभूत सेवाको विकास र आपूर्ति तथा सामाजिक आर्थिक रूपान्तरण मार्फत् विभेद र बञ्चितिमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्न तथा प्रदेश तहको सामाजिक, आर्थिक एवम् पूर्वाधार विकासमा सन्तुलन कायम गरी प्राथमिकता प्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न न्यायोचित रूपले प्रदेश तहबाट सञ्चालन गरिने आयोजना वा कार्यक्रमको लागि सङ्घीय सरकारले अनुदान दिँदै आएको छ । विशेष एवम् समपूरक अनुदान प्रदान गर्ने सम्बन्धमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारबाट सञ्चालन हुने त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत, प्रकृति, प्राथमिकता, उपलब्धि र दिगोपना समेतको आधारमा राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष मंसिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना/कार्यक्रमको प्रस्ताव माग गर्ने गरेकोमा सोही अनुरूप लुम्बिनी प्रदेश योजना आयोगबाट आ.व. २०८२/०८३ को लागि सङ्घीय समपूरक तथा विशेष अनुदानका सम्बन्धमा प्रस्तावित

आयोजनाहरूको प्राथमिकीकरण अनुसारको विवरण मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सिफारिस गरिएको ।

## ६. आवाधिक योजना तर्जुमा सम्बन्धमा नीति सम्बाद, छलफल तथा अन्तरक्रिया कार्यक्रम

दोस्रो आवधिक योजनाका लागि सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले आर्थिक वर्षमा २०८१।८१ मै विभिन्न पक्षका सरोकारवालाहरुसंग विभिन्न चरणमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको थियो। गत आर्थिक वर्षमा नीति संवाद कार्यक्रमअन्तर्गत निजी क्षेत्रका छाता संगठनका पदाधिकारीहरु र प्रतिनिधिमूलक हुनेगरी प्रदेशसभाका केही सदस्यहरुसंग समेत छलफल गरिएको थियो।साथै आवधिक योजनाको मस्यौदालाई अन्तिम रुप दिनु अघि विषयगत मन्त्रालयका सचिव तथा महाशाखा प्रमुखहरुसंग विषयवस्तु र तथ्याङ्क अद्यावधिक गर्ने कार्य भएको थियो।

## ७. अनुगमन तथा मूल्याङ्कन

प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ ले यस आयोगलाई आवधिक योजना तथा अन्य वार्षिक कार्यक्रमहरुको अनुगमन तथा आन्तरिक र तेस्रो पक्षबाट मूल्याङ्कन गर्ने/गराउने जिम्मेवारी तोकेको छ। सोही व्यवस्थाबमोजिम प्रदेश योजना आयोगका पदाधिकारीहरुको संलग्नतामा आयोगले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट यस प्रदेशमा सञ्चालित बहुवर्षीय आयोजना/कार्यक्रम, प्रदेश समपुरक तथा विशेष अनुदान लगायत अन्य आयोजना/कार्यक्रमहरुको विभिन्न मितिमा अनुगमन गरेको छ।

## ८. मध्यमकालीन खर्च संरचना निर्माण

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तीनै तहका सरकारले वार्षिक बजेट तथा कार्यक्रम निर्माण र सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन आर्थिक वर्षको स्रोत तथा खर्चको अनुमान र प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचनासमेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ ले वार्षिक राजस्व र व्ययको अनुमान तयार गर्ने क्रममा प्रदेश योजना आयोगले आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको समन्वयमा आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्षमा आगामी तीन आर्थिक वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकासहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। उल्लिखित कानूनी प्रावधान एवम् विगतको अभ्याससमेतका आधारमा यस मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/८३-२०८४/८५) तयार पारिएको हो।

लुम्बिनी प्रदेशले नेपालको संविधान, अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(१) बमोजिम आर्थिक वर्ष २०७५/७६ देखि मध्यमकालीन खर्च संरचना तयार पार्ने अभ्यास सुरु गरेको हो। हालसम्म अर्थ मामिला मन्त्रालयको नेतृत्व र समन्वयमा छ वटा मध्यमकालीन खर्च संरचना तयार पारी कार्यान्वयन भइसकेका छन्।हालै पारित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ अनुसार आर्थिक वर्ष २०८२/८३ देखि लुम्बिनी प्रदेश योजना आयोगको नेतृत्व र समन्वयमा मध्यमकालीन खर्च संरचना तयार गर्ने अभ्यास सुरु भएको छ।

## ९. प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक

नेपाल सरकारबाट तर्जुमा भएको बहुक्षेत्रीय पोषण योजना तेस्रो (२०८१।८१-२०८७।८८) मा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको व्यवस्था रहेको छ। जसले प्रदेश योजना आयोगलाई बहुक्षेत्रीय पोषण योजनाको सम्बन्धमा प्रदेशस्तरीय नीति, योजना तथा रणनीति तर्जुमा गर्ने तथा आवश्यकताअनुसार नीति निर्देशन र सहजीकरणको कार्य गर्ने उल्लेख छ। प्रदेश योजना आयोगको उपाध्यक्ष वा नीजले तोकेको सदस्य अध्यक्ष रहने यस समितिका अन्य सदस्यहरुमा पोषणसंग सम्बन्धित प्रदेश मन्त्रालयहरुका सचिव तथा महाशाखा प्रमुख; स्वास्थ्य निर्देशनालय र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक; जिल्ला समन्वय समिति महासंघ, नगरपालिका संघ, गाउपालिका राष्ट्रिय महासंघ र गैरसरकारी संस्था महासंघका प्रदेश समितिका अध्यक्षहरु; प्रदेश उद्योग वाणिज्य महासंघको पोषण क्षेत्र हेर्ने प्रतिनिधि रहेका छन्।

मिति २०८१।११।१९ गतेका दिन लुम्बिनी प्रदेश राजधानी परिसरमा रहेको लुम्बिनी हलमा आयोगका उपाध्यक्षको अध्यक्षतामा बसेको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठकले स्थानीय स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति क्रियाशिल रहे/नरहेको स्थानीय तहसंग जानकारी माग गर्ने र पोषण सुधारसंग सम्बन्धित क्रियाकलापहरुको विस्तृत विवरण सम्बन्धित मन्त्रालयहरुसंग माग गर्ने लगायतका निर्णयहरु गरेको थियो।

## १०. आयोगका बैठक तथा निर्णयहरु

**गत आ.ब. ०८१/०८२ मा आयोगको पूर्ण बैठक सम्बन्धी विवरण**

| बैठक संख्या | निर्णय संख्या |
|---|---|
| १ | १ |

**आयोगको नियमित बैठक सम्बन्धी विवरण**

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बैठक संख्या | २९ | १५ | २६ | १४ |
| निर्णय संख्या | ९८ | ४७ | ५५ | २९ |

## ११. विकास साझेदारसंगको सहयोग तथा समन्वयमा संचालित कार्यक्रमहरु

### क. तथ्याङ्कीय विश्लेषण सम्बन्धी तालिम

कर्मचारीहरुको तथ्याङ्कीय विश्लेषण क्षमतालाई अभिवृद्धि गरी उपलब्ध तथ्याङ्कलाई आफ्नो निकायको आवश्यकता बमोजिम उपयोग गर्ने एवम् तथ्याङ्कको विश्लेषण र उपयोगको माध्यमबाट निर्णय प्रक्रिया, नीति निर्माण र योजना कार्यान्वयनलाई वस्तुपरक र वैज्ञानिक बनाउने उद्देश्य राखेर तथ्याङ्कीय विश्लेषण तालिम कार्यक्रम संचालन गरिएको थियो। माइक्रोसफ्ट एक्सलको प्रयोग गरी आवश्यक तथ्याङ्कको विश्लेषण गर्न र

तथ्याङ्कलाई रेखा, ग्राफ, चार्ट र डायग्राममा प्रस्तुतीकरण गर्नका लागि प्रदेशस्थित मन्त्रालय/निकायमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने गरी यो कार्यक्रमको तयार गरिएको हो ।सोबमोजिम यस तालिमले सहभागीलाई तथ्याङ्क विश्लेषण सफ्टवेयरको प्रयोग गरी तथ्याङ्कीय विश्लेषण कार्यमा प्राविधिक, व्यावसायिक र सैद्धान्तिक दृष्टिकोणले दक्ष बनाउने उद्देश्य राखेको थियो।

**ख. प्रदेश डेटा पोर्टल**

प्रदेशको वस्तुस्थिति सहितको समग्र तथ्याङ्क एकीकृत गरी एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यले आयोगले गत आर्थिक वर्षमा विकास साझेदारको आर्थिक तथा प्राविधिक सहयोगमा लुम्बिनी प्रदेशको डेटा पोर्टल निर्माण गरी सार्वजनिकीकरण गरेको छ। जसबाट प्रयोगकर्ताहरुलाई प्रदेशको तथ्याङ्कमा सहज पहुँच उपलब्ध हुनुका साथै तथ्यमा आधारित योजना तर्जुमा र निर्णय प्रक्रियालाई सहयोग हुने अपेक्षा रहेको छ।

### ग. निर्देशक समितिको बैठक

दोस्रो आवधिक योजना तर्जुमासम्बन्धी संस्थागत व्यवस्था अन्तर्गत निर्देशक समितिको बैठक मिति २०८१ पौष २३ गते आयोगका उपाध्यक्षको अध्यक्षतामा सम्पन्न भएको थियो।यस बैठकबाट प्रदेशको दोस्रो आवधिक योजनाको मस्यौदा स्वीकृत गरी प्रदेश विकास परिषद्मा पेश भएको थियो।

### घ. प्रदेश विकास परिषद्को बैठक

दोस्रो आवधिक योजनाको मस्यौदा तर्जुमा अन्तर्गत प्रदेश विकास परिषद् विकास साझेदारको आर्थिक सहयोगमा सम्पन्न भएको थियो। जसले गर्दा कार्यक्रमको भौतिक प्रगति हासिल भए तापनि यस आयोगको सो शिर्षकमा विनियोजित वजेट खर्च गर्नुपर्ने अवस्था आएन। यस बैठकबाट दोस्रो आवधिक योजनाको मस्यौदा स्वीकृतिका लागि प्रदेश सरकारसमक्ष सिफारिस गर्ने निर्णय भएको थियो।

### ङ. स्वच्छ तथा पोषणयुक्त खाद्यमा सबैको पहुँच विषयक खाद्य प्रणाली संवाद कार्यक्रम

मिति २०८२ बैशाख ६ गतेका दिन दाङ जिल्लाको लमहीमा स्वच्छ तथा पोषणयुक्त खाद्यमा सबैको पहुँच विषयक खाद्य प्रणाली संवाद कार्यक्रम संचालन भएको थियो। लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आथित्यता, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रीको विशेष आथित्यता र आयोगका उपाध्यक्षको संयोजकत्वमा भएको उद्घाटन सत्रमा विषयसंग सम्बन्धित प्रस्तुतीकरणहरु प्रस्तुत भएका थिए भने दोस्रो सत्रमा विषय विज्ञहरुको प्यानल डिस्कसन रहेको थियो। कार्यक्रमपश्चात विकास साझेदार संस्थाबाट कार्यक्रमको विस्तृत प्रतिवेदन आयोगमा पेश भएको थियो।

# परिच्छेद ४ः वार्षिक विकास कार्यक्रमको प्रगति तथा वेरुजुको अवस्था

## ४.१ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | उपलब्धि |
|---|---|---|
| १७५ | प्रथम आवधिक योजनाको अवधि आर्थिक वर्ष २०८०।८२ मा समाप्त हुने भएकोले सोको समीक्षा गरी यस प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) तयार गरी सो योजनाको सोच, लक्ष्य र रणनीति अनुरुप मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम कार्यान्वयन गरिनेछ। | दोस्रो आवधिक योजना तयार भई कार्यान्वयनको चरणमा रहेको। |
| १७७ | आयोजना छनोटलाई वस्तुगत बनाउन आयोजना बैंकसम्बन्धी कार्यविधि तयार गरी प्रदेशभित्र संचालन हुने संभ्याव्य आयोजनाको विवरण तयार गरिनेछ। सो आयोजना बैंकमा रहेको आयोजना क्रमश: कार्यान्वयन गर्दै लैजाने नीति लिइनेछ। आयोजना छनौट सम्बन्धी मापदण्ड तयार गरी बजेट तर्जुमा तथा आयोजना/कार्यक्रमको छनौटलाई वस्तुपरक तथा वैज्ञानिक बनाइने छ। संभाव्यता अध्ययन, जग्गा प्राप्ति, वातावरणीय परिक्षण लगायतका पूर्व तयारी सम्पन्न भएका आयोजना छनौटमा प्राथमिकता दिईनेछ। आयोजना कार्यान्वयनको प्रभावकारीताका लागि आयोजना संचालन हुने स्थानीय तहसंग प्रारम्भदेखि नै समन्वय र संयूक्त अनुगमन गरी कार्यान्वयनमा प्रभावकारिता ल्याईनेछ। | आयोजना बैंकको कार्यविधिको मस्यौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको तथा आयोजना प्रविष्टि प्रणाली राष्ट्रिय योजना आयोगबाट प्राप्त भएको। |
| १७८ | प्रदेश तथ्याङ्क ऐनको समय सापेक्ष परिमार्जन र प्रदेश योजना आयोगमा तथ्याङ्क ईकाईको स्थापनामार्फत प्रदेशको वृहत्तर तथ्याङ्कको एकीकृत व्यवस्थापनका | जिल्ला तथ्याङ्क समन्वय कार्यालय दाङबाट तयार भएको लुम्बिनी प्रदेशको वस्तुगत विवरण २०८२ तयार गर्ने |

| | | |
|---|---|---|
| | लागि राष्ट्रिय तथ्याङ्क कार्यलयसंग समन्वय र सहकार्य गरी प्रादेशिक तथ्याङ्कमा सहज पहुँच र उपलब्धताको व्यवस्था मिलाइने छ। | क्रममा सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको; लुम्बिनी प्रदेश योजना आयोगको संगठन संरचनामा तथ्याङ्क समन्वय शाखा थप भएको; प्रदेशको डाटा पोर्टललाई क्रियाशील तथा प्रयोगयोग्य बनाउन प्रदेश सूचना तथा प्रविधि प्रतिष्ठानसंग छलफल भएको। |
| १७९ | प्रदेशको समग्र विकासका लागि सरकार, निजी क्षेत्र सहकारी गैरसरकारी तथा विकास साझेदारसंगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ। दीगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरणका लागि तहगत समन्वय र सहकार्य गरिनेछ। | दीगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरणका लागि सरोकारवाला तथा विकास साझेदारहरुसंग प्राविधिक सहयोगका लागि छलफल भएको। |

## ४.२ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बजेट बुँदा नं. | बजेट वक्तव्य | उपलब्धि |
|---|---|---|
| १४ | आर्थिक वर्ष २०८१।८२ मा संघीयताको सुदृढीकरणसंगै योजनावद्ध विकासलाई अझै सान्दर्भिक बनाउन अधुरा योजना कार्यान्वयनलाई प्राथमिकता दिने, प्रदेश र स्थानीय योजनाबिच सामञ्जस्यता कायम गर्न स्थानीय तहलाई सहजीकरण गर्ने, योजना तर्जुमा तथा कार्यान्वयनमा तहगत सरकारबिच समन्वय र सहकार्य गर्ने, अन्तरसरकार सूचना एवं सञ्जालको निर्माण गर्ने, प्रदेश आयोजना बैंक स्थापना गरी योजना तर्जुमा प्रकृयालाई व्यवस्थित गर्ने, प्रदेश तथ्याङ्क बैंक स्थापना गरी अभिलेखीकरण गर्ने, अन्तरसरकार र अन्तरनिकाय समन्वय प्रभावकारी बनाइनेछ। | आयोजना बैंकको कार्यविधिको मस्यौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको तथा आयोजना प्रविष्टि प्रणाली राष्ट्रिय योजना आयोगबाट प्राप्त भएको। |
| २५ | वजेट कार्यान्वयमा प्रभावकारिता ल्याउन आगामी आर्थिक वर्षबाट साउन मसान्तभित्र नै कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्ययोजनाको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग र सम्बन्धित | दक्ष तथा सम्बन्धित विषयविज्ञ कर्मचारीको अभावमा अनुगमन कार्य गर्न नसकिएको। |

| | | |
|---|---|---|
| | मन्त्रालयलगायतका निकायबाट नियमित रुपमा अनुगमन गरिनेछ। स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले पुष मसान्तसम्म आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था मिलाइनेछ । | |

## ४.३ आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १. | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २. | नेपाल सरकार सशर्त अनुदान | - | - |
| ३. | नेपाल सरकार समपूरक अनुदान | - | - |
| ४. | नेपाल सरकार विषेश अनुदान | - | - |
| ५. | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | २,५२,२५,०००/- | १,२१,३६,९५४/- |

## ४.४ बेरुजुको अवस्था

| सि.नं. | | आ.व. | वेरुजु रकम | वेरुजुको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १. | | २०७७।७८ | २,९५,०००।- | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सचिवालय व्यवस्थापनका लागि स्वीकृत कार्यक्रम संशोधन नगरी सचिवालय व्यवस्थापनको कुनै कार्य नगरी डीएसएलआर क्यामेरा, डायरी छपाई लगाएतका काममा २९५४९६ भुक्तानी गरेको। नियमानुसार कार्यक्रम संशोधन नगरी कार्यक्रम विपरित खर्च लेखेकोले अनियमित देखिएको। | अनियमित भएको |
| २. | | २०७८।७९ | २,४४,८२०।- | आठ जना कर्मचारीले आन्तरिक पर्यटन काजबापत लिएको रकम निजामति सेवा ऐन विपरित देखिएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको। | अनियमित भएको |
| ३. | | २०७९।८० | ९४,६४०।- | तह वृद्धी गरी समायोजन गरेकोमा नयाँ ग्रेड कायम गरी तलव भत्ता भुक्तानी गर्नुपर्नेमा सो नगरी नासु वा सो सरहको पदको जति संख्याका आधारमा माथिल्लो छैठौ तहमा ग्रेड संख्याको तलव भुक्तानी भएको। | प्रमाणका कागजात पेश नभएको |
| ४. | | जम्मा | ६,३४,४६० | | |

## ४.५ आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

| क्र.सं. | खर्च शीर्षक | कूल बजेट | खर्च | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु खर्च | २,४०,२६,०००।- | १,१९,२६,२५०।- | ४९.६३% |
| २. | पुंजीगत खर्च | ११,९९,०००।- | २,१०,७०४।- | १९.५५% |
| ३. | कुल जम्मा | २,५२,२५,०००।- | १,२१,३६,९५४।- | ४८.११% |

## ४.६ आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

| क्र.स. | कार्यक्रम/आयोजनाको नाम | कुल बजेट | खर्च | वित्तीय प्रगति (%) |
|---|---|---|---|---|
| पूँजीगततर्फ | | | | |
| १. | कार्यालय सञ्चालनसँग सम्बन्धित मेशिनरी तथा औजार | ५,००,०००।- | १,२५,७२८।- | |
| २. | कार्यालयको लागि फर्निचर फिक्चर्स | १,९९,०००।- | ८४,९७६।- | |
| ३. | परियोजना बैंक सफ्टवयर सुदृढीकरण, स्थानीयकरण र विकास | ५,००,०००।- | ०।- | |
| चालुतर्फ | | | | |
| १. | चौमासिक/वार्षिक समीक्षा | ६,००,०००।- | १,१२,३००।- | |
| २. | नीति संवाद कार्यक्रम | २,७४,०००।- | ६०,३३३।- | |
| ३. | अनुगमन तथा मूल्याङ्कन | ८,००,०००।- | ५५,७७२।- | |

## ४.७ आर्थिक वर्ष २०८०/८१ मा खर्च हुन नसकेको चालु तथा पुंजीगत कार्यकम :

| क्र.सं. | कार्यक्रम, क्रियाकलाप | विनियोजित बजेट |
|---|---|---|
| १. | परियोजना बैंकसम्बन्धी अभिमुखीकरण कार्यक्रम | १,००,०००।- |
| २. | अन्तरप्रदेश भ्रमण तथा समन्वयात्मक कार्यक्रम | ३,००,०००।- |
| ३. | दोस्रो आवधिक योजनाको दस्तावेज प्रकाशन | ६,००,०००।- |
| ४. | प्रादेशिक महत्वका एवम् बहुवर्षीय आयोजनाको समीक्षा | १,००,०००।- |

## विनियोजित वजेट खर्च हुन नसक्नुका कारणहरु

१. **परियोजना बैंकसम्बन्धी अभिमुखीकरण :** आयोजना बैंक सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ को मस्यौदा तयार भएको तर आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने विषयगत मन्त्रालयहरु र अन्य

सरोकारवालासंग छलफलको क्रममै रहेको अवस्था छ। आयोजना बैंकसम्बन्धी प्रादेशिक सूचना प्रणाली राष्ट्रिय योजना आयोगबाट हस्तान्तरण भएको थियो। निर्देशिका तयारीकै क्रममा रहेकोले निर्देशिकाको निर्माण पश्चात आयोजना बैंकसम्बन्धी सूचना प्रणालीको स्थानीयकरण गरेर यससम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्दा वढी उपयोगी र सान्दर्भिक हुने देखी आयोजना बैंकसम्बन्धी अभिमुखीकरण कार्यक्रम कार्यान्वयन नगरिएको हो। त्यसैले यससम्बन्धी कार्यक्रम चालु आर्थिक वर्षमा समेत राखिएको छ।

२. **अन्तरप्रदेश भ्रमण तथा समन्वयात्मक कार्यक्रम** : प्रत्यक्ष रूपमा देखिने र उपयोगी प्रतिफल प्राप्त हुने कार्यमा मात्र खर्च गरी मितब्ययिता कायम गर्ने नीति अनुरुप अन्तरप्रदेश भ्रमण तथा समन्वयात्मक कार्यक्रम कार्यान्वयन गरिएन। जसबाट यस शिर्षकको बजेट वचत हुन गयो।

३. **दोस्रो आवधिक योजनाको दस्तावेज प्रकाशन** : प्रदेश सरकारबाट २०८१ चैत्रमा लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत भएको थियो। तत्कालका लागि आयोगको वेवसाइटमा सार्वजनिक रूपमा उपलब्ध गराइएको छ । पुस्तकहरू तत्कालका लागि टड्कारो रूपमा आवश्यकता महसुस नभएको र मितव्ययिता गर्नेगरी अत्यावश्यक बस्तु/सेवा खरिद गर्ने नीति अनुरुप पुस्तक प्रकाशन नगरिएको हो । त्यसैले यससम्बन्धी कार्यक्रम चालु आर्थिक वर्षमा समेत राखिएको छ।

४. **अन्य कारणहरु**

- **पूर्ण दरवन्दी अनुसारको कर्मचारी पदपुर्ति नहुनु** : यस आयोगमा उपसचिव १, अधिकृत सातौ १ र अधिकृत छैठौ २ जना गरी कुल ४ जना दरवन्दी पदपुर्ति नहुँदा कार्यालयको नियमित कार्यहरु, आवधिक योजना तर्जुमा तथा अन्य वार्षिक विकास कार्यक्रम समयमै कार्यन्वयन गर्न कठिन भएको थियो।

- **कार्यक्रमको औचित्यता र सान्दर्भिकता** : त्यसैगरी केही कार्यक्रमहरुको औचित्यता, सान्दर्भिकता र प्रभावकारीता तथा प्राप्त हुने अपेक्षित परिणाम र त्यसको उपयोगिता समेतलाई मध्यनजर गरी फजुल खर्च नगर्ने नीति अनुरुप कार्यान्वयनमा ल्याइएको थिएन।

# परिच्छेद - ५ : नीति निर्माणमा आयोगको भूमिका

## ५.१ दीर्घकालीन तथा आवधिक नीति तथा योजना निर्माणमा आयोगको भूमिका

प्रदेश योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० ले यस आयागको भूमिका तथा काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गरेको छ। जस अनुसार आयोगलाई प्रदेशको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने; प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने; अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वियनको समन्वय र सहजीकरण गर्ने; अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने जस्ता दीर्घकालीन लक्ष्य/नीति तथा योजना, मार्गचित्र र मापदण्ड तर्जूमा गर्ने खालका महत्वपूर्ण जिम्मेवारी तोकिएको छ ।

आयोगका पदाधिकारीहरुलाई प्रदेश सरकारको "समृद्ध प्रदेश, खुशी जनता" भन्ने दीर्घकालीन सोच र प्रदेशको आर्थिक, सामाजिक लगायतका क्षेत्रमा समृद्धि हासिल गर्ने लक्ष्य अनुसार योजनावद्ध विकासका लागि कार्य गर्ने जिम्मेवारी रहेको छ। प्रदेश सरकारले तत्काल "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउनको लागि प्रदेश समृद्धिका आधारहरुको रुपमा कृषि, उद्योग र पर्यटनलाई लिएको छ। यसका साथै भैतिक पूर्वाधार, लैङ्गिक समानता र दिगो विकासको लक्ष्यलाई टेकेर अगाडि बढेको अवस्था छ।

## ५.२ वार्षिक नीति तथा कार्यक्रम तर्जुमामा आयोगको भूमिका

प्रदेश सरकारलाई वार्षिक नीति तथा कार्यक्रमहरु तयार गर्नमा आयोगले सहयोग गर्ने गरेको छ। आवधिक योजनालाई आधार मानी वार्षिक विकास कार्यक्रम तयार पार्ने क्रममा पनि मन्त्रालयहरुलाई सहयोग तथा सल्लाह प्रदान गर्ने गरिएको छ। यसका साथै प्रदेशको श्रोत अनुमान समितिको अध्यक्ष स्वयं आयोगको उपाध्यक्ष भएको हुनाले बार्षिक बजेटको सीमा (सिलीङ) तोक्ने काममा समेत आयोगको संलग्नता रहने गरेको छ।

## ५.३ आयोगबाट हालसम्म प्रकाशित नीति तथा योजनासंग सम्बन्धित केही महत्वपूर्ण दस्तावेजहरु

### ५.३.१. प्रदेशको वस्तुस्थिति विवरण, २०७५ र २०८०

प्रदेश योजना आयोगले आवधिक योजना तर्जुमाको सहजताका साथै प्रदेशको विकासको लागि आधारशिलाको रुपमा प्रदेशको वस्तुस्थिति विवरण तयार पारेको छ । विभिन्न स्रोतहरुबाट तथ्याङ्क संकलन गरेर वस्तुस्थिति विवरण तयार गर्ने क्रममा विभिन्न क्षेत्रसँग सम्बन्धित दस्तावेजहरुको संकलन र विश्लेषणसमेत गरिएको छ। यसले यस प्रदेशको भौगोलिक, जनसाङ्खिक, विभिन्न आर्थिक क्षेत्रको स्थिति, भौतिक पूर्वाधारको अवस्था, शिक्षा, स्वास्थ्यको स्थिति, गरिबी, मानव विकास, वन तथा वातावरण र दिगो विकासका लक्ष्यहरुको प्रादेशिक अवस्थाबारे जानकारी दिने प्रयास गरेको छ। यी वस्तुस्थिति विवरण तयार पार्नको लागि तथ्याङ्कको मूख्य आधार राष्ट्रिय जनगणना २०६८ र २०७८, संघीय मन्त्रालयहरु र

विभागहरुले प्रकाशन गरेको तथ्याङ्कहरु र वार्षिक प्रतिवेदनहरु, कृषि गणना, २०६८ र २०७८, नेपाल मानव विकास प्रतिवेदन २०१९, केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरु, राष्ट्रिय योजना आयोगका प्रकाशनहरु, नेपाल राष्ट्र बैंकको प्रकाशन र जिल्लास्थित सरकारी कार्यालयहरुबाट प्राप्त तथ्याङ्कहरु रहेका छन्।

### ५.३.२ प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन,२०७५

संघीयता अनुसारको नयाँ संरचना भएपछि प्रदेश सरकारले पनि योजनावद्ध विकासको थालनी गरेको छ। प्रदेश सरकारले प्रथम आवधिक योजना आर्थिक बर्ष २०७६/७७ देखि लागू गरेको छ। योजनाले मार्गदर्शन गरे अनुरुप वार्षिक विकास कार्यक्रम तथा बजेटहरु तर्जुमा भएका छन्। प्रदेश सरकारका योजना तथा विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि सशक्त अनुगमन र मूल्याङ्कन प्रणाली खाँचो हुन्छ। अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र सहज गर्न यो प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ ल्याईएको छ।

यस दिग्दर्शनले वार्षिक विकास कार्यक्रमहरुको प्रगति प्रतिवेदन, विकास आयोजना/कार्यक्रम निरीक्षणका तरिका सहित अनुगमन तथा मूल्याङ्कनका विधिहरु बारेमा जानकारी दिएको छ। यसको प्रयोगबाट प्रदेश सरकारका विकास आयोजना तथा कार्यक्रमका अनुगमन तथा मूल्याङ्कन गर्न सहज भई प्रभावकारीता बढ्ने अपेक्षा गरिएको छ। यस दिग्दर्शनले प्रदेशले अनुगमन गर्ने दिगो विकास लक्ष्यका सूचकहरु पनि समेटेको छ।

प्रदेशको पहिलो प्रयास स्वरुप अनुगमन तथा मूल्याङ्कनको लागि यो दिग्दर्शन जारी गरिएको छ। राष्ट्रिय योजना आयोगले तयार पारेको राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई आधार मानेर प्रदेशको यो दिग्दर्शन तयार पारिएको छ। यसको कार्यान्वयनको अनुभवसँगै थप परिमार्जित गर्दै लगिनेछ।

### ५.३.३ लुम्बिनी प्रदेशको दश वर्षे दीर्घकालीन रणनीति (२०७९/८०-२०८८/८९)

लुम्बिनी प्रदेशको प्रथम आवधिक पञ्चवर्षीय योजनाको १ बर्षको अन्तरालमा समीक्षा गरी प्रदेशको सम्भावना, चुनौती र अवसरलाई विश्लेषण गर्दै ६ वटा रणनीतिक स्तम्भमा योजना बनाउने गरी दिगो विकास लक्ष्यलाई टेकेर १० बर्षे दीर्घकालीन रणनीतिक योजना बनाइएको हो। नेपाल सरकारको दीर्घकालीन सोच २१००, पन्ध्रौ योजना तथा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनासंग तादम्यता राख्ने गरी दश वर्षका लागि प्रदेशको समृद्धिको खाका तयार गर्न यो दीर्घकालीन रणनीतिक योजना कार्यान्वयनमा ल्याइएको हो। लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजनाको सोंच र लक्ष्य देहायबमोजिम रहेको छः

**दीर्घकालीन सोच**

*"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"* : उत्पादन एवम् रोजगारी अभिवृद्धिमार्फत आयस्तरमा वृद्धि गर्दै तथा वितरणात्मक न्याय कायम गर्दै सुरक्षित र न्यायपूर्ण समाज एवम् सुशासन कायम भएको लुम्बिनी प्रदेशको निर्माण गर्नु।

**लक्ष्य**

दीर्घकालीन रणनीतिक योजनाको लक्ष्य समृद्ध एवम् आत्मनिर्भर लुम्बिनी प्रदेश निर्माण गर्नु रहेको छ, जहाँ लुम्बिनीवासीहरुले गुणस्तरीय सेवा प्राप्त गर्नुको साथै सम्मानपूर्ण जीवन व्यतित गरिरहेका हुनेछन्।

### ५.३.४ प्रथम आवधिक योजना (आ.व.२०७६/७७-आ.व.२०८०/८१) र सोको समीक्षा

**प्रथम आवधिक योजना (आ.व.२०७६/७७-आ.व.२०८०/८१)**

नेपालको संविधान, नेपालको दीर्घकालीन सोच २१००, राष्ट्रिय पन्ध्रौ योजना, दिगो विकासका लक्ष्यहरु, प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई आधार बनाएर प्रदेश सरकारले लिएको समृद्धीको नारालाई साकार पार्न र १० बर्षे दीर्घकालीन गुरुयोजना अन्तर्गत प्राकृतिक सम्पदा र भौगोलिक विविधताको अधिकतम प्रयोग गरी उच्च दरको आर्थिक वृद्धिदर हासिल गर्दै सामाजिक न्यायमा आधारित विकास गर्ने ध्येय यस योजनाको रहको छ। लक्षित गरिबी निवारणलाई जोड दिदै भौतिक पूर्वाधारको निर्माण, उर्जा उत्पादन, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा र स्वास्थ्य, लैंगिक समानता, महिला सशक्तीकरणका साथै वातावरण संरक्षण र विपद् व्यवस्थापन समेतलाई योजनामा समेटिएको छ। समृद्धिको लागि कृषि, उत्पादनमूलक उद्योग र पर्यटनको विकासलाई प्राथमिकतामा राख्दै ती क्षेत्रहरुको लागि आवश्यक भौतिक पूर्वाधार र मानवीय पुँजी निर्माणलाई प्राथमिकतामा राखुको अतिरिक्त सबै क्षेत्र र स्थानको सन्तुलित विकासतर्फ पनि यो योजना परिलक्षित छ।

यो योजना तयार गर्न प्रदेश सरकारका मन्त्रालयहरु र केही विषय विज्ञहरुको संलग्नता रहेको थियो। यस प्रदेशका १२ वटै जिल्लामा गरिएका अन्तरक्रियाबाट प्राप्त सुझावहरु, प्रदेश विकास परिषद्ले दिएका मार्गनिर्देशन र प्रदेश सभाका माननीय सभासदज्यूहरुले दिनु भएका अमूल्य सुझावहरुलाई समेटेर यो योजना तयार भएको छ। यसमा प्रदेशको समुचित समृद्धिका लागि विभिन्न क्षेत्रहरुको विकास गर्न ती क्षेत्रको अवस्था, समस्याको पहिचान, चुनौती र अवसरहरु खोतल्दै सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरु तर्जुमा गरिएका छन्। साथै, विषयगत क्षेत्रहरुको विकासको लागि प्रमुख आयोजना तथा कार्यक्रमहरुका साथै लक्षित प्रतिफल सूचकसहित नतिजा खाका पनि तर्जुमा गरिएको छ।

**प्रथम आवधिक योजना (आ.व.२०७६/७७-आ.व.२०८०/८१) को ४ वर्षे समीक्षा**

प्रथम आवधिक योजनामा लिइएका रणनीति तथा कार्यनीतिको कार्यान्वयनको अवस्था, लक्षित उपलब्धिमा भएको प्रगति र त्यसबाट योजनाको समग्र लक्ष्य तथा उद्देश्य प्राप्तिमा पुगेको योगदान एवम् भविष्यमा कसरी अगाडी बढ्न सकिन्छ भन्नेबारे पृष्ठपोषण लिने प्रयोजनका लागि आयोगले प्रथम आवधिक योजनाको चार वर्षे समीक्षा गरेको थियो। आवधिक योजनाको चार आर्थिक वर्षको भौतिक र वित्तीय प्रगतिका साथै नीतिगत, कार्यक्रमगत तथा नतिजा सूचकहरुको अवस्थाबारे समीक्षात्मक अध्ययन गर्नु यसको उद्देश्य रहेको थियो। विषयगत मन्त्रालयहरुबाट तथ्याङ्क र सूचनाको संकलन गरी छलफल र परामर्शको आधारमा प्रारम्भिक दस्तावेज तयार गरेर विभिन्न तहमा छलफलपश्चात प्राप्त सुझावका आधारमा परिमार्जन गरी अन्तिम प्रतिवेदन तयार गरिएको हो।

### ५.३.५ दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रतिवेदन

प्रदेश सरकारले **समृद्ध प्रदेश, खुसी जनताको** दीर्घकालीन सोचसहित आफ्नो प्रथम पञ्चवर्षीय योजना तयार गरेको छ। यस योजनाले निर्धारण गरेका लक्ष्य तथा प्राथमिकताहरु विश्व समुदायले सन् २०३० भित्र हासिल

गर्ने गरी कार्यान्वयन गरिएको दिगो विकासमा लक्ष्यहरु अनुरुप रहेका छन्। नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरु प्रदेशको सन्दर्भमा समेत हासिल गरी राष्ट्रिय प्रतिवद्धता पुरा गर्न सघाउ पुऱ्याउने नीति यस प्रदेशले लिएको छ। यो दिगो विकास लक्ष्यको बेसलाइन प्रतिवेदन संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपि) को सहयोगमा तयार गरिएको छ। यसले दिगो विकासका विभिन्न लक्ष्यहरुमा प्रदेशको अवस्थाबारे जानकारी दिनुका साथै ती लक्ष्यहरु हासिल गर्न आवश्यक रणनीतिक कार्यक्रमहरुको पहिचान तथा विकास गर्न सहयोग पुऱ्याउने उद्देश्य लिएको छ।

यो प्रतिवेदन हाल उपलब्ध तथ्य तथा सूचना र विभिन्न सरोकारवालाहरुसँगको परामर्शका क्रममा प्राप्त सूचनाका आधारमा तयार गरिएको हो। यसले दिगो विकासका लक्ष्यहरु हासिल गर्ने सन्दर्भमा भए गरेका प्रगतिहरुको अनुगमन गर्न र कोही कसैलाई नछुटाउने गरी ती लक्ष्यहरु हासिल गर्नका लागि आगामी दिनहरुमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यसले प्रदेशको पञ्चवर्षीय योजनाका परिमाणात्मक लक्ष्यहरु निर्धारण गर्न समेत सहयोग पुऱ्याएको छ। यो प्रतिवेदनले स्थानीय सरकार, निजी क्षेत्र र नागरिक समाज सबैलाई र इच्छुक विकासका साझेदारहरुलाई यस प्रदेशमा दिगो विकास लक्ष्य हासिल गर्न आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न वा सहयोग गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्न समेत सहयोग पुऱ्याउने अपेक्षा रहेको छ।

# परिच्छेद ६ : शासकीय सुधार र सुशासन प्रवर्धनका लागि गरेको प्रयास र परिणाम

## ६.१ लुम्बिनी प्रदेश सरकारको १४ बुँदे निर्देशन कार्यान्वयनको अवस्था

| बुँदा | निर्देशन कार्यान्वयनको अवस्था |
|---|---|
| १. | ई हाजिरी र GOIMS वि.सं. २०८२ बैशाख १ गतेदेखि लागु हुने गरी कार्यान्वयनमा ल्याइएको। विदा, काज तथा भ्रमण स्वीकृत गर्दा कार्यालयको कार्यसम्पादन तथा सेवा प्रवाहमा असर नपर्ने गरी मात्र स्वीकृत गर्ने गरिएको। |
| २. | आवश्यकता र आचित्यताका आधारमा मात्र जिन्सी सामान खरिद गर्ने गरिएको। |
| ३. | आयोग प्रत्यक्ष सेवा प्रवाह गर्ने प्रकृतिको कार्यालय नभएको।कार्य प्रकृया सहज बनाउन शाखा तथा फाँट, सोधपुछ कक्षको व्यवस्था गरिएको। |
| ४. | यस आर्थिक वर्षमा आयोगमा ५० लाख वा सो माथिका आयोजना/कार्यक्रमहरु नभएको। |
| ५. | बार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना स्वीकृत गरिएको साथै सो कार्ययोजना अनुसार नियमिति रुपमा बैठक गरी  समीक्षा गर्ने गरिएको। |
| ६. | कार्यालयको वेवसाईटलाई नियमित रुपमा अद्यावधिक गरी कार्यालयका काम कार्वाहीहरुलाई सार्वजनिक गर्ने गरिएको साथै प्रदेश सूचना तथा प्रविधि प्रतिष्ठानसंगको समन्वयमा नियमित रुपमा वेवसाइटलाई प्रयोगकर्ता मैत्री वनाउन पहल गरिएको। |
| ७. | यस आयोगबाट संचालन भएका बैठक तथा अन्य कार्यक्रमहरुका लागि सरकारी सभाहल प्रयोग गरिएको। |
| ८. | प्रवक्ता एवं सूचना अधिकारीको फोटो सहितको विवरण कार्यालयमा साथै कार्यालयको वेवसाईटमा राखिएको। सूचना अधिकारीका लागि छुट्टै मोवाईल नम्वरको व्यवस्था भएको साथै नियमित रुपमा स्वत: प्रकाशन सूचना पाटी तथा वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको। |
| ९. | प्राप्त उजुरी तथा गुनासोको समयमै सम्बोधन गर्ने गरिएको।साथै सोको अभिलेख समेत राख्ने गरिएको। |
| १०. | आयोगमा प्राप्त भएका पत्र तथा टिप्पणीहरुका सम्बन्धमा तिनको महत्व, अत्यावश्यकता र संवेदनशीलताका आधारमा कार्य फछ्र्यौट गर्ने गरिएको। |
| ११. | अतिथि सत्कारमा मितव्ययिता अवलम्बन गरिएको। बधाई तथा शुभकामना लगायतका कार्यक्रममा आयातित सामग्रीहरुको प्रयोग नगरिएको। |
| १२. | कार्यालयमा उपयोग हुने खानेपानीका लागि बोतलको पानी प्रयोग नगरिएको। |
| १३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अनुगमनकारी निकायबाट प्राप्त निर्देशनलाई शीघ्रताका साथ कार्यान्वयन/पालना गर्ने गरिएको। |
| १४. | नियमित रुपमा पठाउनुपर्ने प्रगति विवरण/प्रतिवेदन यथाशक्य समयमै पठाउने गरिएको। |

## ६.२ सूचनाको हक सम्बन्धमा

क) सुचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भएबमोजिम त्रैमासिक रुपमा कार्यालयको कार्य प्रगतिवारे जानकारी दिन तोकिएको समयमा स्वतःप्रकाशन गर्ने गरिएको,

ख) गुनासो सुन्ने अधिकारी तथा सुचना अधिकारी तोकी वेवसाईट मार्फत सार्वजनिक गरिएको,

ग) कार्यालयले वार्षिक रुपमा तयार गर्नुपर्ने बार्षिक प्रतिवेदन लगायत अन्य आवधिक प्रतिवेदनहरु समयमै तयार गरी वेवसाईटमार्फत सार्वजनिक गर्ने गरिएको,

घ) महालेखा नियन्त्रकको कार्यालयबाट औल्याइएका वेरुजु नियमित गर्नका लागि आवस्यक कागजातहरुसहित महालेखा नियन्त्रकको कार्यालयको प्रणालीमा पेश गरिएको,

ङ) कार्यक्रमहरुको औचित्यता, सान्दर्भिकता र प्रभावकारीता तथा प्राप्त हुने अपेक्षित परिणाम र त्यसको उपयोगिता समेतलाई मध्यनजर गरेर मात्र कार्यान्वयन गर्ने गरिएको,

च) मितव्ययिता र स्रोतको प्रतिफलमुखी उपयोगका लागि प्रतिबद्ध भई कार्यक्रमहरु सञ्चालन गर्ने गरिएको,

# परिच्छेद ७ : समस्या/चुनौती, समाधानका उपाय र निष्कर्ष

| समस्या र चुनौतीहरु | समाधानका उपायहरु |
|---|---|
| प्रदेश सरकारको लगानी रहेका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रभाव मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभाव रहेको। | दरवन्दी अनुसारको जनशक्ति तथा संयुक्त अनुगमन संयन्त्रको व्यवस्था गर्नुपर्ने। |
| दरवन्दी अनुसारको कर्मचारीको अभावले नियमित कार्यहरु, आवधिक योजना तर्जुमा र बार्षिक विकास कार्यक्रम समयमै कार्यान्वयन गर्न कठिनाई भएको। | कर्मचारीहरुको दरवन्दी अनुसारको पदपुर्तिको व्यवस्था हुनुपर्ने। |
| आवधिक योजना, MTEF, नीति तथा कार्यक्रम र बजेटबिच तादाम्यता नदेखिएको। | आवधिक योजना र MTEF संग तादाम्य हुने गरी वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्नुपर्ने। |

**निष्कर्ष**

प्रदेश सरकारको विकास निर्माण सम्बन्धी नीति, योजना निर्माणमा सल्लाहकारी भूमिका निर्वाह गर्ने र विकास निर्माणको प्रत्यक्ष अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने कार्यादेश सहित प्रदेश योजना आयोगको स्थापना भएको हो। स्थापनाकालदेखि नै यस बिषयलाई हृदयङ्गम गर्दै आयोग आफ्नो कार्यमा कार्यरत छ। उल्लेखित बिषयहरुमा कार्य गर्नका लागि लुम्बिनी प्रदेश सरकारका तर्फबाट प्राप्त सहयोगका कारण पनि आयोगको कार्यक्षेत्रका बिषयमा यथेष्ट अवसरहरु निर्माण भएका छन्। यस आर्थिक वर्षदेखि आयोगको काम कारवाही अझ प्रभावकारी भई प्रदेश सरकारको "समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश" को सोंच पूरा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**अनुसूची १: मिति २०८१।०८।१३ को प्रदेश विकास समस्या समाधान समिति बैठकबाट भएका निर्णयहरु**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयले अन्य सम्बन्धित मन्त्रालयहरुसँगको सहकार्य र समन्वयमा मंसीर मसान्तसम्म बहुवर्षीय ठेक्का अन्तर्गतको साल बसाली रुपमा हुने कूल दायित्व एकिन गर्ने। साथै भविष्यमा हुन सक्ने स्रोतको उपलब्धता, आयोजना/कार्यक्रमको औचित्यता र पूँजीगत बजेटको बाञ्छित सिमाभित्र रहने गरी विद्यमान वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड पौष मसान्तभित्र आवश्यकतानुसार तयार/परिमार्जन गर्ने,

२. स्रोतको अधिकतम सदुपयोग गरी सो माथिको बढ्दो चाप घटाउन वार्षिक बजेट तथा कार्यक्रममा परेका योजना तथा कार्यक्रम संचालन गर्दा सम्बन्धित कार्यालयले अपेक्षित परिणामलाई मध्यनजर गरेर मात्र मितव्ययी तरिकाले आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

३. मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालयले प्रदेश सरकार अन्तर्गतका निकायहरुको विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण फागुन मसान्तसम्म सम्पन्न गरी कर्मचारीहरुको पदपूर्ति तथा पदस्थापन गर्ने कार्यलाई अगाडी बढाउने,

४. सडक निर्माणमा संलग्न विभिन्न निकायहरुको स्पष्ट कार्यक्षेत्र एकीन गर्न प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित मन्त्रालयका सचिवहरु सहितको एक कार्यदल गठन गरी फागुन मसान्तभित्र प्रतिवेदन पेश गर्ने,

५. प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा अन्य निकायहरुले भौतिक पूर्वाधार निर्माण वा उपभोगको सन्दर्भमा नेपाल सरकार वा अन्य सरकारी/सार्वजनिक निकायहरुसँग जग्गाको स्वामित्व/भोगाधिकार माग गरेकोमा सोको अद्यावधिक अवस्था सम्बन्धी विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पौष मसान्त भित्र उपलब्ध गराउने,

६. सघन शहरी क्षेत्रहरुमा सडक निर्माणसँगै दूरसंचार, विद्युत, खानेपानी, ढल निकास जस्ता एकीकृत शहरी पूर्वाधार निर्माणको अवधारणालाई कार्यान्वयन गर्न शहरी बिकास मन्त्रालयले फागुन मसान्तसम्म कार्यविधि तर्जुमा गर्ने,

७. प्रदेश योजना आयोगको संयोजनमा सम्बन्धित मन्त्रालय/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहभागितामा नमूनाको रुपमा छनौट गरी प्रदेश गौरव, प्राथमिकता प्राप्त तथा बहुवर्षीय आयोजना/कार्यक्रमहरुको अनुगमन गर्ने। साथै यस समितिबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे प्रदेश योजना आयोगबाट अनुगमन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्ने।

८. प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा अन्य निकायहरुले वहुवर्षीय आयोजनाको रुपमा स्वीकृति तथा स्रोत सुनिश्चित नभएसम्म वार्षिक बजेटमा विनियोजित रकमभन्दा बढी दायित्व सिर्जना हुने गरी कुनै पनि आयोजना/कार्यक्रम कार्यान्वयन नगर्ने। यस्तो भएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुने,

९. सबै मन्त्रालयहरुले आर्थिक-सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने खालका अधुरा आयोजनाहरु प्राथमिकताको आधारमा कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने अनुमानित बजेट आंकलन गरी सोको विवरण पौष पन्ध्र गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पठाउने। आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा त्यस्ता आयोजना सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिने,

१०. आयोजना र कार्यक्रमहरुको औचित्यता, सान्दर्भिकता र अपेक्षित प्रतिफललाई समेत मध्यनजर गरी सबै मन्त्रालयहरुले प्रदेश विनियोजन ऐन, २०८१ तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम आवश्यक रकमान्तर, कार्यक्रम संशोधन र विस्तृतीकरण गर्ने,

११. गत आ.व.को भुक्तानी हुन बाँकीका सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकाय र आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रचलित कानून बमोजिम पौष मसान्तभित्र भुक्तानी हुने गरी आवश्यक प्रकृया अघि बढाउने,

१२. संघीय कानून अनुरुप प्रदेश कानून निर्माण/संशोधन गर्नुपर्ने भए सम्बन्धित मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले निर्माण/संशोधनका लागि माघ मसान्तभित्र प्रस्ताव पेश गर्ने,

१३. प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिवहरुको एक कार्यदल गठन गरी विभिन्न निकाय अन्तर्गत निर्माण भएका सडक, चिस्यान केन्द्र, रिफ्रेस सेन्टर, सांस्कृतिक डवली लगायतका उपयोग नभएका वा न्यून उपयोग भएका पूर्वाधारहरुको अवस्था एकीन गरी तिनीहरुको महत्तम उपयोग, हस्तान्तरण र आर्थिक सामाजिक गतिविधिसँग जोड्ने विषयमा अध्ययन गरी फागुन मसान्तसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्ने,

१४. प्रादेशिक लगायत अन्य अस्पतालहरुको संचालन खर्च धान्न सक्ने गरी आत्मनिर्भर बनाउन र कार्य संचालनमा मितव्ययिता ल्याई स्रोतको उच्चतम उपयोग गर्न अबलम्वन गर्नुपर्ने उपायहरुको सम्बन्धमा स्वास्थ्य मन्त्रालयले अध्ययन गरी फागुन मसान्तभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्ने,

१५. यस प्रदेशका जनताको पोषणको अवस्थालाई सुधार गर्न प्रदेशमा उत्पादन/उपलब्ध हुने रैथाने बाली लगायतका खाद्यान्न, तरकारी, फलफूल, काष्ठफल र वीजमा पाइने पोषणको विवरण र खानपिन व्यवहारको बारेमा विज्ञ, विश्वविद्यालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, स्वास्थ्य मन्त्रालय र अन्य सरोकारवाला निकायसंगको समन्वयमा प्रदेश योजना आयोगले जानकारी पुस्तिका बैशाख मसान्तसम्म तयार गर्ने। सो बमोजिम सामाजिक विकास मन्त्रालयले स्थानीय निकायहरुसंग समन्वय गरी शिक्षालयहरुमा अनुशिक्षण गराउने व्यवस्था गर्ने,

१६. प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा अन्य निकायहरुले सदाचारिता, मितव्ययिता, ईमान्दारिता, समभाव, निष्पक्षता, तटस्थता र स्वच्छतालाई मूलमन्त्रको रुपमा आत्मसाथ गरी कार्य सम्पादन र सेवा प्रवाह गर्ने/गराउने,

**१७. निम्न विषयहरु राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउने :**

१. गत आर्थिक बर्ष २०८०।८१ मा वित्तीय हस्तान्तरण शिर्षक अन्तर्गत संघीय सरकारबाट बिनियोजन भएको वित्तीय समानीकरण अनुदानको प्राप्त हुन बाँकी रकम  संघीय सरकारबाट प्राप्त हुनुपर्ने।

२. संघीय सरकारबाट प्रदेश तहमा प्राप्त हुने शसर्त अनुदानको रकम घटाई वित्तीय समानीकरण अनुदान रकम बृद्धि हुनुपर्ने। विपदमा परेका व्यक्तिहरुले प्राप्त गर्नुपर्ने रकम प्रदेश तथा स्थानीय सरकारले भुक्तानी दिइसकेको तर संघीय सरकारबाट प्राप्त हुने रकम प्राप्त नभई केही बर्षदेखि बाँकी रहेको हुनाले सो समेत निकासा हुनुपर्ने।

३. साझा अधिकार सूचीमा रहेका बिषयमा कार्य बाँडफाडमा स्पष्ट मापदण्ड बनाई लागु गर्ने र प्रहरी समायोजनको कुरा अविलम्ब टुंगो लगाउनु पर्ने।

४. आ.व. २०८०।८१ मा विनियोजित समपुरक अनुदान लगायतका कारणबाट सिर्जित पुरानो दायित्वको बिषयमा निकास आउने गरी निर्णय हुनुपर्ने।

५. स्थानीय तहमा कर्मचारी परिचालनका सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृत प्रदेशले पठाउने गरी ब्यवस्थापन गर्नुपर्ने।

६. एकल अधिकार र साझा अधिकारका विषयमा भएका कानूनी द्विविधा र बाझिएका क्षेत्राधिकारलाई परिमार्जन र थप स्पष्ट गरी प्रदेशका अधिकार क्षेत्रभित्रका विषयमा प्रदेश कानून आकर्षित हुने नीतिगत निर्णय हुनुपर्ने। वन क्षेत्रको जग्गाको प्रयोग र आयोजना कार्यान्वयनका प्रकृयागत विषयमा प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने।

७. कृषकहरुले उत्पादन गरेका कृषि उपजको बजारीकरण प्रोत्साहन/संरक्षणका लागि सरोकारवाला निकायको समन्वय र संलग्नतामा खुला सिमानाको नियमन बढाउनका लागि नीतिगत निर्णय हुनुपर्ने।दरबन्दी बमोजिमको जनशक्ति अभावले सेवा प्रवाहमा परेको असरलाई न्यूनीकरण गर्दै दिगो समाधानको लागि आवश्यकता अनुसार कर्मचारीको पदपूर्ति एवं व्यवस्थापन गर्नुपर्ने।

८. नेपाल सरकारबाट स्वीकृत ढुँगा गिट्टी बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ हालसम्म कार्यान्वयनमा रहेको छ। नेपाल सरकारले जारी गरेको मापदण्ड कार्यान्वयन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएकोले त्यस्ता मापदण्ड स्वतः बदरभागी हुने हुँदा यस्ता महत्वपूर्ण विषय र प्रकृतिको राजस्व बाँडफाँटको विषयवस्तुलाई मापदण्ड मार्फत् लामो समय कार्यान्वयन गर्न कठिनाई हुने तथा न्यायिक परीक्षण हुँदाका बखत समेत समस्या हुने भएकोले संघीय ऐन मार्फत् नै व्यवस्थित गर्नुपर्ने।

९. प्रदेश मन्त्रिपरिषदबाट निर्णय भई खर्च लेखिएका विषय (जस्तैः आन्तरिक पर्यटन भ्रमण खर्च)लाई म.ले.प.ले बेरुजू उल्लेख गरेको विषयमा संघीय सरकारले आवश्यक सहजीकरण गर्नुपर्ने।

१०. प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको विज्ञापन करको सङ्कलन सम्बन्धमा विज्ञापनजन्य सामग्रीलाई सम्पूर्ण रुपमा करको दायरामा ल्याउन सकिएको छैन ।पत्रपत्रिका,

संञ्चार माध्यम, अनलाइन संचार माध्यमले गर्ने विज्ञापन बापतको कर सङ्कलनमा कठिनाई भएको छ। सञ्चार माध्यमको हालसम्म नियमन लगायतका व्यवस्था संघीय कानूनबाट नै हुँदै आएकोले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचमा कानूनमा एकरूपता कायम गरी विज्ञापन कर संकलनको दायरा वढाउनु पर्ने।

११. प्रदेश राजमार्ग तथा प्रदेश सडकहरुको अधिकार क्षेत्र (Right of Way) भित्र विद्युत पोलहरु रहेका र अहिले पनि अधिकार क्षेत्रभित्रै पर्ने गरी विद्युत पोल राखी विद्युत लाइन विस्तार हुने हुँदा सडक स्तरन्नोतिमा विद्युत पोलका कारण गम्भीर समस्या उत्पन्न हुने गरेको छ। उक्त विद्युत पोल हटाउने सम्बन्धमा प्रकृयागत जटिलता र झमेला समेत देखिएको हुँदा आउँदा दिनमा सडकको अधिकार क्षेत्र वाहिर पर्ने गरी मात्र लाइन विस्तारको व्यवस्था मिलाउन विद्युत प्राधिकरणलाई निर्देशन हुनुपर्ने र सडकमै पर्ने विद्युत पोलहरु हटाउन सो सम्बन्धी उपयुक्त शीर्षक खडा गरी विद्युत प्राधिकरणबाटै माग र आवश्यकताको आधारमा पोलहरु हटाउन आवश्यक व्यवस्था मिलाउन समेत विद्युत प्राधिकरणलाई निर्देशन दिनुपर्ने।

१२. प्रदेशमा हाल लघु, घरेलु तथा साना उद्योग मात्र दर्ता भईरहेको अवस्थामा प्रदेश सरकारलाई मझौला उद्योग दर्ता गर्ने व्यवस्था संघीय सरकारबाट हुनुपर्ने।

१३. प्रदेशस्तरमा रहेका विकास निर्माण सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयनको लागि जग्गा प्राप्तीको प्रक्रिया जटिल रहेको हुँदा प्रदेशबाट निर्माण हुने आयोजनाहरुको लागि आवश्यक हुने जग्गा प्राप्ती सम्बन्धी अधिकार नेपाल सरकारले प्रदेश सरकारलाई नै दिनुपर्ने।

१४. प्राकृतिक स्रोत अन्तर्गत वन क्षेत्र तथा वन पैदावारबाट प्राप्त हुने रोयल्टीको हकमा रोयल्टी लगाउने अधिकार संघमा रहेको र त्यसको सङ्कलन हालसम्म संघीय तथा प्रदेशका निकाय मार्फत हुँदै आएको छ। संघीय वन कानून तथा प्रदेशको वन कानूनमा सम्बन्धित वन उपभोक्ता समिति/समूह र संघ/प्रदेश सरकारबीच बाँडफाँट हुने वन रोयल्टीको अंश/अनुपात फरक–फरक भएकोले आ–आफ्नै तरिकाले कानूनी व्याख्या हुने हुँदा त्यस्ता विषयमा एकरूपता कायम गर्नुपर्ने।

१५. मनोरञ्जन कर बापत फिल्म हलको टिकटमा कर लगाइए तापनि कार्यान्वयन नगन्य मात्रामा रहेको छ। फिल्म हलको लागि संघीय सरकारले अभ्यासमा ल्याएको बक्स अफिस प्रणाली मार्फत व्यवस्थित गरिएकोले त्यस्तो प्रणालीबाट मनोरञ्जन कर निर्धारण तथा सङ्कलनमा सहजीकरण समेत हुने हुँदा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयलाई त्यस्तो प्रणालीमा पहुँच प्रदान गर्नुपर्ने।

१६. संघ, प्रदेश र स्थानीय तहमा समान प्रकृतिका कार्य सम्पादनका लागि समानान्तर कार्यालयहरु भएकोले अनाबश्यक रुपमा चालु खर्च वढ्न गई पूँजीगत खर्चमा संकुचन आएको छ। यस विषयमा संघबाट विस्तृत रुपमा अध्ययन र विश्लेषण गरी बढ्दो चालु खर्च कटौती गर्न अत्याबश्यक संरचनाहरु मात्र कायम गर्नुपर्ने।

१७. देशभर नै गुणस्तर र एकरुपता कायम गर्नका लागि संघीय कृषि तथा पशुपन्छी विकास

मन्त्रालयबाट कृषि विकास कार्यक्रम अन्तर्गतको भौतिक संरचना निर्माण (गोठ/खोर/बजार पूर्वाधार/वीउ भण्डारण गृह/शीत भण्डार/चिस्यान केन्द्र/हाई टेक नर्सरी लगायत) र यन्त्र उपकरणको न्यूनतम प्राविधिक मापदण्ड जारी हुनुपर्ने।

१८. संघीय निजामती सेवा ऐन नबनेको कारण कर्मचारी व्यवस्थापनमा समेत गम्भीर असर पर्न गएको हुँदा संघीय निजामती ऐन यथाशिघ्र निर्माण गरी लागु हुनुपर्ने ।

१९. संघीय सरकारले राष्ट्रिय कृषि नीति वा कृषि अनुदान ऐन तर्जुमा गर्नुपर्ने।

२०. संघीयता कार्यान्वयन हुनुपुर्व सडक बोर्डको रकम सडक विभाग, तत्कालिन जिल्ला विकास समिति र गाउँ विकास समिति तथा नगरपालिका अन्तर्गतका सडकहरुको मर्मत संभारका लागि रकम प्राप्त हुने गरेकोमा संघीयता कार्यान्यन पश्चात प्रदेश सरकारलाई रकम प्राप्त नहुने गरेको सन्दर्भमा उक्त रकम प्रदेश सरकारलाई समेत प्रदान गरिनुपर्ने।

२१. सवारी तथा यातायात व्यवस्था कार्यालयमा सङ्कलन गरिने सवारी साधनको दण्ड जरिवाना बाहेक सम्बन्धित ट्राफिक प्रहरी मार्फत् उठाउने दण्ड जरिवाना बापत प्राप्त हुने राजस्व सम्बन्धित प्रदेशको सञ्चित कोषमा जम्मा हुनुपर्नेमा संघीय संचित कोषमा समेत जम्मा हुने गरेकोले सो सम्बन्धमा संघीय कानून तथा प्रादेशिक कानूनमा एकरूपता कायम हुनुपर्ने।

२२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नदीजन्य पदार्थको विक्रीबाट प्राप्त राजस्व स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। तर नदीजन्य पदार्थ सम्बन्धी यस प्रदेशको कानूनमा सम्बन्धित स्थानीय तहको ६० प्रतिशत र प्रदेश सरकारको ४० प्रतिशत हुने गरी कानूनी व्यवस्था गरिएकोमा संघीय कानूनमा भएको त्यस्तो व्यवस्थाले प्रदेश सरकारलाई प्राप्त हुने नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त हुने राजस्वको बाँडफाँट सम्बन्धमा स्थानीय तहको आ–आफ्नै व्याख्या हुने गरेको छ। यसर्थ, यस सम्बन्धी दण्ड सजायको व्यवस्था सहितको एकीकृत संघीय कानूनको निर्माण गर्ने र सोही कानुनमा राजस्व बाँडफाँट र प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रको विषयमा स्पष्ट अधिकार क्षेत्रको व्यवस्था गर्न उपयुक्त हुने।

२३. हालसम्म घरजग्गा रजिस्ट्रेशन शुल्क/दस्तुरको सङ्कलन कार्य संघीय निकायको रूपमा रहेका मालपोत कार्यालयहरुबाट हुँदै आएको छ। त्यस्ता मालपोत कार्यालयहरूको भौतिक संरचना तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने व्यवस्थापकीय खर्च समेत सम्बन्धित मालपोत कार्यालयहरूबाट प्रदेश सरकार समक्ष रकम माग गर्ने गरेकोले सो सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारले आवश्यक समन्वय गर्नुपर्ने।

२४. नेपालको संविधानको अनुसूची (६) को (८) मा प्रदेश सरकारले उच्च शिक्षा संचालन गर्ने अधिकार व्यवस्था भएकोमा हाल कक्षा १२ सम्मलाई माध्यामिक विद्यालयको रुपमा परिभाषित गरी स्थानीय तहले संचालन गरिरहेको सन्दर्भमा शिक्षाको गुणस्तर बृद्धि गर्न तथा उच्च शिक्षालाई व्यवसायिक र व्यवहारिक बनाउनका लागि प्रदेश सरकारबाट संचालन गर्न उपयुक्त हुने हुँदा कक्षा ८ देखि १२ सम्मको विद्यालय शिक्षाको संचालन प्रदेश सरकारले गर्ने गरी नीतिगत निर्णय हुनुपर्ने।

**अनुसूची २: मिति २०८१।१२।१९ को प्रदेश विकास समस्या समाधान समिति बैठकबाट भएका निर्णयहरु**

१. प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा आर्थिक मामिला लगायत अन्य सरोकारवाला मन्त्रालयका सचिवहरु सम्मिलित एक कार्यदल गठन गरी प्रदेशबाट आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको लागतको सीमा, अन्तरनिकाय सामञ्जस्यता, आयोजनाको पूर्व तयारी एवम् प्राथमिकीकरण लगायतका विषयमा बैशाख पहिलो हप्ताभित्र आगामी आ.व.को बजेट तथा योजना/कार्यक्रम तर्जुमा मापदण्ड तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

२. राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीति २०८० कार्यान्वयन आइसकेको सन्दर्भमा सोसंग तादाम्यता हुने गरी शहरी विकास तथा खानेपानी मन्त्रालयले यस विषयमा नीतिगत निर्णयका लागि बैशाख मसान्तभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालयमा पेश गर्ने।

३. प्रदेश सरकारको सिर्जना भैसकेको दायित्व फरफारक गर्ने कार्यलाई सबै निकायले प्राथमिकता दिने।

४. अघिल्लो PDAC बाट भएका देहाय बमोजिमका निर्णयहरु निम्नानुसारको समय सीमाभित्र कार्यान्वयन गर्ने:

(क) अस्पतालहरुको सञ्चालन खर्च धान्न सक्ने उपायहरुको बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने कार्यलाई स्वास्थ्य मन्त्रालयले बैशाख मसान्तसम्म सम्पन्न गर्ने।

(ख) एकीकृत शहरी पूर्वाधार निर्माणको अवधारणालाई कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि शहरी विकास तथा खानेपानी मन्त्रालयले बैशाख मसान्तभित्र तर्जुमा गर्ने।

(ग) एकै प्रकृतिको कार्य एक भन्दा बढी निकायहरुबाट हुने गरेको विषयमा त्यस्ता निकायहरुको स्पष्ट कार्यक्षेत्र एकीन गर्नेसम्बन्धी मापदण्ड प्रदेश योजना आयोगले बैशाख मसान्तभित्र तर्जुमा गर्ने।

(घ) न्यून उपयोग भएका एवम् उपयोगमा नरहेका निर्मित पूर्वाधारहरुको उपयोग वा हस्तान्तरणका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने कार्य प्रदेश योजना आयोगले बैशाख मसान्तभित्र सम्पन्न गर्ने ।

## अनुसूची ३: मिति २०८१।११।१९ गतेको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट भएका निर्णयहरु

१. नेपाल सरकारद्वारा कार्यान्वयनमा ल्याइएको बहुक्षेत्रीय योजना-तेस्रो (MSNP-III) का विविध विषयहरु एवं बृद्धिका लागि पोषण (Nutrition for Growth - N4G) शिखर सम्मेलन २०२५ का लागि नेपाल सरकारद्वारा गरिएका प्रतिबद्धताहरुका बारेमा छलफल गरियो। यसमा आ-आफ्नो संस्थामार्फत MSNP-III मा ब्यवस्था गरिएका बहुक्षेत्रीय एवं बहुआयामिक विषयहरुको यथासंभव कार्यान्वयन गर्ने/गराउने;

२. बहुक्षेत्रीय पोषण योजना-तेस्रोमा ब्यवस्था गरिए बमोजिम प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा रहने २ जना विज्ञ सदस्यहरुमा खाद्य पोषणका क्षेत्रमा अध्ययन/अध्यापन/अनुसन्धान कार्यमा संलग्न प्राज्ञ वा पेशाविद् / अभ्यासकर्ताहरु मध्येबाट मनोनयन गर्ने जिम्मेवारी यस समितिका अध्यक्षलाई दिने;

३. MSNP III मा व्यवस्था भए बमोजिम यस प्रदेशमा रहेका नगरपालिका/गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति क्रियाशील रहे वा नरहेको विषय र प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले स्थानीय तहका समितिलाई गर्नुपर्ने समन्वय र सहजीकरणका विषयमा सबै स्थानीय तहसंग जानकारी माग गर्ने;

४. स्वास्थ्य मन्त्रालय; कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय; सामाजिक विकास मन्त्रालय; शहरी विकास तथा खानेपानी मन्त्रालय र उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले पोषण सुधारसंग सम्बन्धित आफ्नो मन्त्रालय अन्तर्गतका क्रियाकलापसहितका कार्यक्रम/आयोजना, विनियोजित बजेट, कार्यान्वयन हुने लक्षित समुह/भौगोलिक क्षेत्र सहितको विवरण आगामी बैठकमा प्रस्तुत गर्ने। साथै, स्वास्थ्य मन्त्रालयले संघीय विशेष अनुदान अन्तर्गतको पोषण सुधार आयोजनाको विस्तृत विवरण समेत आगामी बैठकमा पेश गर्ने।

## अनुसूची ४: आर्थिक वर्ष २०८२।८३ का लागि आयोगबाट छनौट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरिएका प्रदेश विशेष अनुदानका आयोजना/कार्यक्रमहरु

| क्र सं | जिल्ला | स्थानीय तह | आयोजनाको नाम | विषयक्षेत्र | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | रुकुम पूर्व | भूमे गाउँपालिका | भुमे गाउँपालिका संचालित १ मा.वि. मा छात्रावास निर्माण | शिक्षा | २०००००० |
| २ | रुकुम पूर्व | पुथा उत्तरगंगा गाउँपालिका | सामुदायिक विद्यालयमा आधारभूत पूर्वाधार, अभिभावक शिक्षा, शैक्षिक सामाग्री व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम | शिक्षा | २०००००० |
| ३ | रुकुम पूर्व | सिस्ने गाउँपालिका | सिस्ने गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवा गुणस्तर अभिवृद्धि कार्यक्रम | स्वास्थ्य | २०००००० |
| ४ | रोल्पा | परिवर्तन गाउँपालिका | श्री जीवनज्योति प्रा.वि. कोपेधारा भवन निर्माण | शिक्षा | २०००००० |
| ५ | रोल्पा | लुङग्री गाउँपालिका | श्री गौरीशंकर मा.वि. तल्ला थप | शिक्षा | २०००००० |
| ६ | रोल्पा | माडी गाउँपालिका | छड्केढुङ्गा खानेपानी निर्माण माडी १ | खानेपानी | २०००००० |
| ७ | रोल्पा | रोल्पा नगरपालिका | सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | शिक्षा | २०००००० |
| ८ | रोल्पा | रुन्टीगढी गाउँपालिका | नरेखोला लिफ्ट खानेपानी योजना | खानेपानी | २०००००० |
| ९ | रोल्पा | सुनिल स्मृति गाउँपालिका | बाउबाङ्ग लिफ्ट सिंचाइ योजना | खानेपानी | २०००००० |
| १० | रोल्पा | गंगादेव गाउँपालिका | धाराखोला दलसिंङ्गे लिफ्ट खानेपानी योजना वडा ४ | खानेपानी | २०००००० |
| ११ | रोल्पा | सुनछहरी गाउँपालिका | जनसेवा मा.वि ४ कोठे भवन निर्माण आयोजना वडा १ सेरम | शिक्षा | २०००००० |
| १२ | रोल्पा | थबाङ गाउँपालिका | धुलीडाँडा दिसारी खानेपानी योजना वडा २ | खानेपानी | २०००००० |
| १३ | रोल्पा | त्रिवेणी गाउँपालिका | बजिवाङ पोखरडाँडा छम्पासुनारी र गैरीगाउँमा १ घर १ धारा विस्तार तथा पुर्ण सरसफाई टोल घोषणा कार्यक्रम | खानेपानी | २०००००० |
| १४ | प्यूठान | ऐरावती गाउँपालिका | लोपउन्मुख कुसुण्डा र गन्धर्व जातीको आयआर्जन वृद्धिका लागि विशेष कार्यक्रम | पिछिडिएको क्षेत्र | २०००००० |
| १५ | प्यूठान | गौमुखी गाउँपालिका | अर्खा आधारभूत स्वास्थ्य चौकी भवन निर्माण | स्वास्थ्य | २०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | प्यूठान | झिमरुक गाउँपालिका | झिमरुक गाउँपालिका वडा नं १ र ७ का स्वास्थ्य संस्थाहरुको अधुरो भवन पूर्वाधार निर्माण योजना | स्वास्थ्य | २०००००० |
| १७ | प्यूठान | मल्लरानी गाउँपालिका | सरस्वती आ.वि. भवन (निर्माण) बन्चरे वडा ३ | शिक्षा | २०००००० |
| १८ | प्यूठान | माण्डवी गाउँपालिका | यज्ञश्वरी आ.वि. ४ कोठे विद्यालय निर्माण योजना माण्डवी ४ प्यूठान | शिक्षा | २०००००० |
| १९ | प्यूठान | नौबहिनी गाउँपालिका | गावै अधुरो खानेपानी आयोजना | खानेपानी | २०००००० |
| २० | प्यूठान | प्यूठान नगरपालिका | ओखरबोट खानेपानी आयोजना वडा ३ | खानेपानी | १८००००० |
| २१ | प्यूठान | स्वर्गद्वारी नगरपालिका | झोल सारीकोट खानेपानी आयोजना वडा ५ | खानेपानी | २०००००० |
| २२ | गुल्मी | चन्द्रकोट गाउँपालिका | बालज्योति आ.वि. भवन निर्माण योजना वडा ४ | शिक्षा | १७००००० |
| २३ | गुल्मी | धुर्कोट गाउँपालिका | हाँडहाडे १ घर १ धारा खानेपानी योजना वडा नं ३ | खानेपानी | २०००००० |
| २४ | गुल्मी | गुल्मीदरबार गाउँपालिका | आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन | स्वास्थ्य | १८००००० |
| २५ | गुल्मी | इस्मा गाउँपालिका | खानेपानी १ घर १ धारा कार्यक्रम इस्मा गा.पा. | खानेपानी | २०००००० |
| २६ | गुल्मी | कालिगण्डकी गाउँपालिका | राक्से सिंचाई योजना कालीगण्डकी वडा नं. १ | सिंचाई | १८००००० |
| २७ | गुल्मी | मदाने गाउँपालिका | ग्वारी खोला वृहत खानेपानी योजना मदाने ६ | खानेपानी | २०००००० |
| २८ | गुल्मी | मालिका गाउँपालिका | मालिका १ घर १ धारा खानेपानी आयोजना | खानेपानी | २०००००० |
| २९ | गुल्मी | मुसिकोट नगरपालिका | विद्यालय घेरावार कार्यक्रम | शिक्षा | १८००००० |
| ३० | गुल्मी | रेसुङ्गा नगरपालिका | उपल्लो तम्घास मा.वि. अधुरो भवन निर्माण योजना वडा नं ९ | शिक्षा | १७००००० |
| ३१ | गुल्मी | रुरुक्षेत्र गाउँपालिका | रुरुक्षेत्र डिजिटल प्रविधिमैत्री शिक्षा | शिक्षा | १८००००० |
| ३२ | गुल्मी | सत्यवती गाउँपालिका | कृषि प्रशोधन उद्योग स्थापना तथा संचालन वडा नं. ६ | कृषि | १८००००० |
| ३३ | अर्घाखाँची | भुमिकास्थान नगरपालिका | विभिन्न विद्यालय घेरवार तथा मर्मत | शिक्षा | १८००००० |
| ३४ | अर्घाखाँची | छत्रदेव | टुनिचौर सेट्टारी खानेपानी आयोजना वडा ५ र ६ | खानेपानी | १८००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाउँपालिका | | | |
| ३५ | अर्घाखाँची | मालारानी गाउँपालिका | विभिन्न वडाहरुमा खोप केन्द्र भवनहरु निर्माण | स्वास्थ्य | १८००००० |
| ३६ | अर्घाखाँची | पाणिनी गाउँपालिका | एक घर एक धारा खानेपानी आयोजना वडा ४, ६ र ८ | खानेपानी | २०००००० |
| ३७ | अर्घाखाँची | सन्धिखर्क नगरपालिका | नविनतम प्रविधिसहितको धान मकै बाली प्रवर्धन | कृषि | १७००००० |
| ३८ | पाल्पा | बगनासकाली गाउँपालिका | बंगुर विकास कार्यक्रम | कृषि | १७००००० |
| ३९ | पाल्पा | माथागढी गाउँपालिका | कुनै अल्पसंख्यक र पिछिडिएको सामुदायको उत्थान गरिने विशेष योजना तथा कार्यक्रम अन्तर्गत वेरोजगार युवाहरुलाई सिप विकास तथा रोजगारी सृजना | अल्पसंख्यक र पिछिडिएको सामुदाय | १७००००० |
| ४० | पाल्पा | निस्दी गाउँपालिका | निस्दी गाँउपालिका एकिकृत सरसफाई अभियान | सरसफाई | २०००००० |
| ४१ | पाल्पा | पुर्वखोला गाउँपालिका | सुन्तला जात फलफुल बगैंचा स्थापना तथा सुदृढीकरण कार्यक्रम वडा नं. २ र ५ | कृषि | १८००००० |
| ४२ | पाल्पा | रैनादेवी छहरा गाउँपालिका | खानेपानी विस्तार कार्यक्रम | खानेपानी | २०००००० |
| ४३ | पाल्पा | रम्भा गाउँपालिका | बोझ अमिली खानेपानी निर्माण वडा नं. १ | खानेपानी | १७००००० |
| ४४ | पाल्पा | रिब्दीकोट गाउँपालिका | प्राङ्गारिक मलखातो पुर्वाधार निर्माण | कृषि | १८००००० |
| ४५ | पाल्पा | तिनाउ गाउँपालिका | श्रीडाँडा खानेपानी आयोजना वडा नं ३ | खानेपानी | १८००००० |
| ४६ | नवलपरासी (प) | प्रतापपुर गाउँपालिका | पोषणमैत्री पालिका निर्माण कार्यक्रम | पोषण | १७००००० |
| ४७ | नवलपरासी (प) | सरावल गाउँपालिका | महेन्द्र मा.वि. भवन निर्माण वडा नं. ३ | शिक्षा | १५००००० |
| ४८ | रुपन्देही | देवदह नगरपालिका | सिक्टाहन मा.वि. भवन निर्माण वडा १२ | शिक्षा | १५००००० |
| ४९ | रुपन्देही | मर्चवारी गाउँपालिका | श्री हरिनामपुर मा.वि. ४ कोठे भवन निर्माण वडा ४ | शिक्षा | १७००००० |
| ५० | रुपन्देही | रोहिणी गाउँपालिका | रोहिणी वाड नं. २ को अधुरो स्वास्थ्य चौकी भवन निर्माण | स्वास्थ्य | १५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | रुपन्देही | सम्मरीमाई गाउँपालिका | बालविकास आ.वि. मुडिला भवन निर्माण वडा नं. २ | शिक्षा | १७००००० |
| ५२ | कपिलवस्तु | विजयनगर गाउँपालिका | खुरुहुरिया स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर भवन निर्माण कार्यक्रम विजयनगर ५ | स्वास्थ्य | १८००००० |
| ५३ | कपिलवस्तु | बुद्धभूमि नगरपालिका | सुरक्षित मातृत्व तथा पोषण कार्यक्रम | स्वास्थ्य | १७००००० |
| ५४ | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | कृषि यान्त्रिकीकरण | कृषि | १७००००० |
| ५५ | कपिलवस्तु | कृष्णनगर नगरपालिका | औरहवा खानेपानीको लागि डिपट्युबेल जडान | खानेपानी | १७००००० |
| ५६ | कपिलवस्तु | महाराजगञ्ज नगरपालिका | वडा नं. ११ स्वास्थ्य कार्यालयको वाउण्ड्री वाल गेट निर्माण | स्वास्थ्य | १८००००० |
| ५७ | कपिलवस्तु | मायादेवी गाउँपालिका | सामुदायिक स्वास्थ्य कार्यक्रम | स्वास्थ्य | १७००००० |
| ५८ | कपिलवस्तु | शिवराज नगरपालिका | जनता आ.वि. मद्रहवा अधुरो भवन निर्माण | शिक्षा | १७००००० |
| ५९ | कपिलवस्तु | शुद्धोधन गाउँपालिका | वडा नं. ६ स्वास्थ्य चौकी भवन निर्माण | स्वास्थ्य | १७००००० |
| ६० | कपिलवस्तु | यशोधरा गाउँपालिका | गुणस्तरीय शिक्षाका लागि शैक्षिक कार्यक्रम | शिक्षा | १७००००० |
| ६१ | दाङ | बंगलाचुली गाउँपालिका | दांगवाङ्ग दिपबचेनी खानेपानी आयोजना वडा ३ र ६ | खानेपानी | २०००००० |
| ६२ | दाङ | दंगीशरण गाउँपालिका | कम्पोष्ट तथा जैविक मल उत्पादन तथा प्रशोधन केन्द्र स्थापना | कृषि | १८००००० |
| ६३ | दाङ | गढवा गाउँपालिका | आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित रहेका समुदायलाई स्वास्थ्य सेवा उपलब्ध गराउन घुम्ती अस्पताल संचालन कार्यक्रम | स्वास्थ्य | १७००००० |
| ६४ | दाङ | घोराही उमनपा | घोराही २ चाक्लीघाट गौशालाको पूर्वाधार निर्माण | कृषि | १७००००० |
| ६५ | दाङ | लमही नगरपालिका | लमही आँखा अस्पतालको लागि Dry eye diagnostic and treatment machine खरिद तथा व्यबस्थापन | स्वास्थ्य | १७००००० |
| ६६ | दाङ | राजपुर गाउँपालिका | सिक्टा लैबरुवा डिप वोरिङ्ग निर्माण | कृषि | २०००००० |
| ६७ | दाङ | रासी गाउँपालिका | बाहुने पाटा र स्यानीघोस खानेपानी आयोजना वडा २ | खानेपानी | १७००००० |
| ६८ | दाङ | शान्तिनगर गाउँपालिका | फुसको छानो विस्थापन कार्यक्रम | विपन्न / पिछडिएको समुदाय | १८००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | दाङ | तुल्सीपुर उमनपा | वडा १९ सामुदायिक स्वास्थ्य इकाई छिल्लिकोटको अधुरो भवनको पूर्वाधार निर्माण | स्वास्थ्य | १७००००० |
| ७० | बाँके | बैजनाथ गाउँपालिका | स्वच्छ खानेपानी योजना वडा नं. ५ र ६ | खानेपानी | १७००००० |
| ७१ | बाँके | डुडुवा गाउँपालिका | बेतहनी हस्पिटल भवन निर्माण डडुवा २ | स्वास्थ्य | १८००००० |
| ७२ | बाँके | जानकी गाउँपालिका | वडा नं. ६ गनापुरमा खानेपानी पाइप विस्तार | खानेपानी | १७००००० |
| ७३ | बाँके | खजुरा गाउँपालिका | जनता मा.वि. बठुवा ४ कोठे भवन निर्माण वडा नं. ७ | शिक्षा | १७००००० |
| ७४ | बाँके | नरैनापुर गाउँपालिका | सामुदायिक विद्यालयहरुमा डिजिटल स्मार्ट बोर्ड जडान | शिक्षा | २०००००० |
| ७५ | बाँके | राप्ती सोनारी गाउँपालिका | राप्ती सोनारी गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु | स्वास्थ्य | १८००००० |
| ७६ | बर्दिया | बढैयाताल गाउँपालिका | खानेपानी पाइप विस्तार वडा १ देखि ९ सम्म | खानेपानी | १७००००० |
| ७७ | बर्दिया | बाँसगढी नगरपालिका | आधारभूत स्वास्थ्य केन्द्र पूर्वाधार निर्माण वडा नं. ४ | स्वास्थ्य | १७००००० |
| ७८ | बर्दिया | बारबर्दिया नगरपालिका | जनशक्ति आ.वि. शक्तिनगर भवन निर्माण वडा नं. ६ | शिक्षा | १८००००० |
| ७९ | बर्दिया | गेरुवा गाउँपालिका | Wash facilities and drinking water supply faciliaties in school of Rural municipality and solar street lamp lightning (सोलार स्ट्रिट ल्याम्प लाइटिङ बाहेक) | शिक्षा | १८००००० |
| ८० | बर्दिया | गुलरिया नगरपालिका | गुलरिया नगरपालिका क्षेत्रमा खाद्यान्न उत्पादन अभिवृद्धि लागि भूमिगत सिंचाई प्रवर्धन योजना | सिंचाई | १८००००० |
| ८१ | बर्दिया | मधुवन नगरपालिका | विपद व्यवस्थापनका लागि मेसवाएर जाली तारवार निर्माण | विपद् | १७००००० |
| ८२ | बर्दिया | राजापुर नगरपालिका | वडा नं. ४,७,९ र १० मा मचान निर्माण | विपद् | १८००००० |
| जम्मा | | | | | **१५००००००** |

**अनुसूची ५: गत आर्थिक वर्षमा ठेक्का सहमति दिई आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाईएका आयोजना/कार्यक्रमहरु**

| सि.नं. | कार्यान्वयन गर्ने निकाय/कार्यालय | आयोजना/कार्यक्रमको नाम | कुल लागत अनुमान |
|---|---|---|---|
| **क** | **उर्जा,जलस्रोत तथा सिचाई मन्त्रालय** | | |
| १ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय कपिलवस्तु | कंचनिया सोत्वा नाला सिचाई योजना महाराजगंज न.पा.-१०, कपिलबस्तु | ५८५१९००० |
| २ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय पाल्पा | अरुणखोला बृहत सिचाई योजना, निस्दी ४, पाल्पा | ७६६४३००० |
| ३ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय कपिलवस्तु | जबई सखुनियाँ ताल सिचाईं योजना,शिवराज बुद्धभूमि, महाराजगंज र शिवराज न.पा., कपिलबस्तु | ९३१४२००० |
| ४ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय दाङ | बस्ती खोला सिंचाई योजना शान्तीनगर-३,४, दाङ | ५८०६३००० |
| ५ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय दाङ | झिङनी गाउँ सिंचाई योजना घोराही उपमहानगरपालिका - ३, दाङ | ५३७४९००० |
| ६ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय दाङ | टिकालहलोरा जजरा सिंचाई योजना बाँध निर्माण, तुलसीपुर- दाङ | ८९१४१००० |
| ७ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय पाल्पा | रामपुर फाँट सिंचाई योजना रामपुर न. पा., पाल्पा | १३९९६५००० |
| | | **जम्मा** | **५६९२२२०००** |
| **ख** | **स्वास्थ्य मन्त्रालय** | | |
| १ | शहरी विकास तथा भवन कार्यालय, दाङ | स्वास्थ्य कार्यालय प्यूठानको भवन निर्माण | ५६०५४५६७ |
| | | **जम्मा** | **५६०५४५६७** |
| **ग** | **प्रदेश पुर्वाधार विकास प्राधिकरण** | | |
| १ | प्रदेश पुर्वाधार विकास प्राधिकरण | उजिर सिंह रंगशाला | १०७६६१७८० |
| २ | प्रदेश पुर्वाधार विकास प्राधिकरण | सुन्दरवस्ती जग्गा एकीकरण आयोजना (प्याकेज १२) | १२४३२३२११ |
| | | **जम्मा** | **२३१९८४९९१** |
| **घ** | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | | |
| १ | यातायात पूर्वाधार निर्देशनालय, बुटवल | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) हार्थोक छहरा सडक खण्ड पाल्पा | २६५००१४७१ |
| २ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | रङ्गशालापथ (तिलोत्तमाको आन्तरिक वाइपास सडक) सडक निर्माण, तिलोत्तमा १, रुपन्देही | ७५४२२२२६ |

| | | | |
|---|---|---|---|
| ३ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | बेथरी कुट्टा छपिया बनघुसरी फर्साटिकर हुँदै तामनगर सम्म जोड्ने सडक निर्माण, सियारी गापा रुपन्देहि | १४५७५८१८९ |
| ४ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | कंचन पहुँच मार्ग, रुपन्देही | २३१२९३६५५ |
| ५ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | बुद्धनगर-सेरोवा-किशुली सम्मको सडक सैनामैना-५ रुपन्देही | ११९४४७५३६ |
| ६ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | भारतको बोर्डर बेनीपुर देखि दुबौलिया, दरखावा, मधुरी, मटियरिया, करुवानी, ठठरिहवा, जमुहानी हुँदै कान्छी बजार सडक कालोपत्रे (डि.पि.आर भइसकेको), रुपन्देही | ९८५००९०६ |
| ७ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | शितलनगर, गैडहवा ८ वडा कार्यालय, हसनापुर हुँदै पहाडिकुट्टा सडक निर्माण, गैडहवा ८, रुपन्देही | ९९५८८८०३ |
| ८ | सडक पूर्वाधार विकास कार्यालय, दाङ्ग | बम्नै नवलपुर खाद्रे खुमखानी सडक योजना, तुलसीपुर ४,7 दाङ | ६५८९९३९८ |
| ९ | सडक पूर्वाधार विकास कार्यालय, दाङ्ग | रानीजरुवा देखि सिरकुलो सम्मको सडक तुल्लसीपुर दाङ | ९२६१९०५८ |
| १० | सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तु | शिवराज न.पा.को जवाभारी देखि कृष्णनगर नगरपालिका वडा नं. ८ को लोहरौला, गणेशपुर, पल्टा, हुलाकी सडक बाट देवनगढीया,डगरमरवाा हुँदै कृष्णनगर ६ को डेरवा डबरा सम्मको सडक निर्माण(डि.पि.आर भएको), कपिलवस्तु | ७०२५८३१६ |
| ११ | सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तु | बुद्धभूमि नगरपालिका वडा नं. ९ पुल्चोक देखी ग्लोवल डेरी हुदैं खाला सम्मको बाटो कालोपत्रे, कपिलवस्तु | ९९१८६९५८ |
| १२ | सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तु | बनगाई, भलवाड, डोटे सडक कपिलवस्तु अर्घाखाँची दुई जिल्ला जोड्ने सडक स्तरोन्नती, कपिलवस्तु | ६६०७०५०६ |
| १३ | सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तु | पश्चिम खैराटी, डुमरिया, वहरवासी, विचवापुर, चौधहवा सडक मायादेवि गा.पा. ३, कपिलवस्तु | ६६४२५७१७ |
| १४ | सडक पूर्वाधार विकास कार्यालय, अर्घाखाँची | देउराली डाडाँकटेरी हंशपुर सडक कालोपत्रे तथा स्तरोन्नती, मालारानी, अर्घाखाँची | १८०४९६९५१ |
| १५ | सडक पूर्वाधार विकास कार्यालय, बाँके | सिंहभवानी, दाङपुरवा, चिललेटा, विकासनगर, नौलापुर हुदै बानियाभार जोड्ने सडक कालोपत्रे, बाँके | ६६६१८६३६ |
| १६ | सडक पूर्वाधार विकास कार्यालय, बाँके | राप्तीसोनारी ७ सोनपुर हेल्थपोष्ट हुँदै पिपरहवा गंगापुर हुँदै मटैहिया जोड्ने सडक कालोपत्रे, राप्तीसोनारी ७, बाँके | ९९९९९३६३ |
| १७ | सडक पूर्वाधार विकास कार्यालय, बाँके | बैजनाथ गा.पा.को च्याम देखि खजुरा गा.पा. वडा नं. १ राधापुर जोड्ने सडक निर्माण (२९ कि.मी), बाँके | ६६६६४६९१ |
| १८ | सडक पूर्वाधार विकास कार्यालय, बाँके | चौलिक्का चौक देखि बालेगाउ हुँदै भाटनपुर्वा हुन्दै डुडुवा-२ सम्म जोड्ने सडक वडा न १४ बाँके | ५३२५३२२३ |
| १९ | सडक पूर्वाधार विकास कार्यालय, बाँके | नेपालगंज उपमहानगरपालिका वडा नं. १६ जैसपुर भन्सार देखि पचपोकरा साईगाँउ हुँदै बढैया शिवपुरी खजुरा गा.पा. | ६६५४०२२८ |

| | | | |
|---|---|---|---|
| | | १ को बेलडाँडा सम्मको सडक, बाँके | |
| २० | सडक पूर्वाधार विकास कार्यालय, बाँके | नेपालगंज १७ परसपुर चोकदेखी सुख्खा बन्दरगाहा सडक स्तरोन्नती | ६६६५८७४० |
| २१ | सडक पूर्वाधार विकास कार्यालय, रोल्पा | कुड्रीबोट-भिरखर्क-जरेनी-दवारे हुँदै पश्चिम रुकुम जोड्ने मोटरबाटो निर्माण, परिवर्तन गा.पा.,रोल्पा | ९९१९८८०६ |
| २२ | सडक पूर्वाधार विकास कार्यालय, रोल्पा | सुलिचौर काभ्रा क्वालिगाउँ फलिबाङ लकसमारे सडक कालोपत्रे,सुनिलस्मृति ५ रोल्पा | १३२२५३२७८ |
| २३ | सडक पूर्वाधार विकास कार्यालय, रोल्पा | सुलिचौर अरेश पाटलकटेरी प्यूठान सडक कालोपत्रे बहुवर्षिय सुनिलस्मृती ८, रोल्पा | ९९१८९१७७ |
| २४ | सडक पूर्वाधार विकास कार्यालय, पाल्पा | हुमिन-देविनगर-जल्पा-बहादुरपुर सडक निर्माण आयोजना, रम्भा, पूर्वखोला, माथागढी, पाल्पा | ९९९९८१५५ |
| २५ | सडक पूर्वाधार विकास कार्यालय, पाल्पा | रातमाटा-कठान-गैटार-प्याकलुक पक्कीपुल जोड्ने बाटो स्तरोन्नती र कालोपत्रे, पाल्पा | ६१४९९४१२ |
| २६ | सडक पूर्वाधार विकास कार्यालय, गुल्मी | छल्दी पनाह — इन्द्रेगौडा सडक (१४.८) कि.मि, गुल्मी | १२५१४७५१४ |
| २७ | सडक पूर्वाधार विकास कार्यालय, गुल्मी | सिलादी घमिर अर्खाबाङ्ग पालिका पहुच मार्ग मोटरबाटो कालोपत्रे योजना, गुल्मी | १५०१४८८५२ |
| २८ | सडक पूर्वाधार विकास कार्यालय, गुल्मी | गैडाकोट-जुभुङ्ग-मजुवा (ठूलाचौर,घुम्ती,जुभुङ्ग,मजुवा सडक खण्ड) गुल्मी दरवार ७,३ हुदै २ नं वडाको वडिगाड नदी सम्म २० कि.मि., गुल्मी | १००३२८८५८ |
| २९ | सडक पूर्वाधार विकास कार्यालय, गुल्मी | रुद्रवेणी अस्लेवा ठूलो लुम्पेक पूर्तिघाट सडक योजना सत्यवती गा.पा., गुल्मी | १३९९९७९३७ |
| ३० | सडक पूर्वाधार विकास कार्यालय, बर्दिया | मधुवन न.पा. वडा नं. २ ओराली बजार देखि ठाकुरबाबा न.पा. ९ जोड्ने अधुरो बाटो नालि सहित कालोपत्रे (पर्यटकिय क्षेत्र) १५ कि.मि., मधुवन २,१ र ठाकुरबाबा ९, बर्दिया | ९९५३५०७४ |
| ३१ | सडक पूर्वाधार विकास कार्यालय, बर्दिया | बढैयाताल पहुँच मार्ग निर्माण कार्य | ५७९४५५०५ |
| ३२ | सडक पूर्वाधार विकास कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | पर्यटकिय करिडोरकालागि सुस्ता-अनुमाघाट-विगेपताल-मदारबाबा-चुहाडी र त्रिवेणीलाई डि.पि.आर सहित अन्य कार्य, नवलपरासी | ५२२४६१८७ |
| ३३ | सडक पूर्वाधार विकास कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | जितपुर (रामग्राम नपा) बरमपुरवा बैरवा विष्णुपुर सडक स्तरोन्नती | ५८०७३८१७ |
| ३४ | सडक पूर्वाधार विकास कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | सुनवल न.पा. ४ दामोदरकुण्ड देखि सुनवल न.पा. १ सोमनाथ खोला उत्तरपट्टि ढल निकास आयोजना, सुनवल न.पा., नवलपरासी (बसुप) | ५३५०७१९६ |
| ३५ | यातायात पूर्वाधार निर्देशनालय, | नौघाट माडी खोलामा पक्की पुल ऐरावती र सरुमारानी | २१५८८३५५० |

| | | | |
|---|---|---|---|
| | बुटवल | गापा प्यूठान | |
| ३६ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | सुखौरा खोलापुल सैनामैना-6 | १११५५५०७७ |
| ३७ | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही | मायादेवी गा.पा. वडा नं. १, २ र ३ जोड्ने दानव नदी निबिहवा घाटमा पक्की पुल निर्माण | ३१८६३९१३४ |
| ३८ | सडक पूर्वाधार विकास कार्यालय, अर्घाखाँची | विहार ओर्खेरे बाटोमा पर्ने बाँगी खोलामा पुल निर्माण, सन्धिखर्क १० र ११ अर्घाखाँची | ५३७६५८१२ |
| ३९ | सडक पूर्वाधार विकास कार्यालय, रुकुम (पूर्वी भाग) | दोमै खोला सडक पुल, दोमै कोर्जा भलावट भैसिलोट्ने दवारो सडक | ७७१६७५०६ |
| ४० | सडक पूर्वाधार विकास कार्यालय, प्यूठान | लुङदोभाई तुषाराकोट पुल | १२१५६७०१६ |
| ४१ | सडक पूर्वाधार विकास कार्यालय, रोल्पा | माडीखोला (भारनीबाङ) सडक पुल, भारनीबाङ दहबाङ भाबाङ जलजला सडक रोल्पा | १०७७५६८७४ |
| ४२ | सडक पूर्वाधार विकास कार्यालय, रोल्पा | सुलिचौर अरेश सडकको जुतुङखोलामा मोटरेवल पुल, डिपिआर भएको, सुनिलस्मृती ८, रोल्पा | ६३९३८२९२ |
| ४३ | सडक पूर्वाधार विकास कार्यालय, दाङ्ग | श्रीनारायण चोकदेखि देवीकोट जाने दोलही खोलामा पुल | ८५४२९८६५ |
| ४४ | सडक पूर्वाधार विकास कार्यालय, बर्दिया | झर्नैया खोला सडक पुल, औरी देखि मराम जोडने, बाह्रवर्दिया ८ | ७७५४४०७९ |
| ४५ | सडक पूर्वाधार विकास कार्यालय, बर्दिया | मधुवन न.पा. वडा नं. १ र २ पत्थरबोझी जोड्ने ओरही नदिमा पक्की पुल निर्माण | ३४४६०७३६३ |
| | | **जम्मा** | ५००२६२८९०८ |
| | | **५५ आयोजनाहरुको कुल जम्मा** | ५८५९८९०४६५ |

# अनुसूची ६ः सङ्घीय समपूरक र विशेष अनुदानको प्राथमिकीकरण सूची

आ.व. २०८२/०८३ का संघीय समपूरक अनुदानका लागि प्रस्तावित आयोजनाहरुको प्राथमिकीकरण अनुसारको विवरण

| प्राथमिकता क्रम नं. | शुरु आ.व. | आयोजनाको नाम | आयोजना संचालन रहेको जिल्ला | विषय क्षेत्र | अवधि | कार्यान्वयन गर्ने मन्त्रालय | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०८०/०८१ | वाग्दुला दम्ती वहाने खवाङ स्याउलीवाङ नौवहिनी पर्यटन क्षेत्र सडक (वहाने स्याउलीवाङ खण्ड) | प्यूठान | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४२१५५६००० | क्रमागत |
| २ | २०७९/०८० | दुई खोली-वाघमारा-चुनवाङ-रुकुमकोट सडक, रुकुमपूर्व | रुकुम पूर्व | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४३०७९७२९० | क्रमागत |
| ३ | २०७९/०८० | ग्रामीण वस्ती तथा साना शहरी पूर्वाधार विकास कार्यक्रम (पाल्पा, दाङ र कपिलवस्तु) | पाल्पा, दाङ र कपिलवस्तु | पूर्वाधार क्षेत्र | ३ वर्ष | शहरी विकास मन्त्रालय | १०००००००००० | क्रमागत |
| ४ | २०८१/०८२ | निगालपानी जिनावाङ कृपि सडक निगालपानी कोइलाझ्याम पाती हाल्ना महानेटा दलसिङे झुलनेटा सडक | रोल्पा | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८०२८८४९४० | क्रमागत |
| ५ | २०८१/०८२ | शुलीचौर थवाङ सडक (पोवाङ-थवाङ खण्ड) रोल्पा | रोल्पा | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९४७०४८१५० | क्रमागत |
| ६ | २०८१/०८२ | वार वर्दिया कतार्निया धधवार गुलरा धामपुर शक्तिनगर जमुनिया खैलारघाट ठाकुरवावा सडक स्तरउन्नति गर्ने कार्य | वर्दिया | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९५७०७०३५० | क्रमागत |
| ७ | २०८१/०८२ | तम्घास वाखेछेडा भाडगाँउ वाझघाट रातडाँडा सडक गुल्मी | गुल्मी | पूर्वाधार क्षेत्र | २ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३४०००००००० | क्रमागत |
| ८ | २०८२।८३ | दामोदार मार्गः कुइरेपानी सर्रा सडक | दाङ | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | २९९९९६०६८ | नयाँ आयोजना |
| ९ | २०८२।८३ | सन्धिखर्क-गच्छे-ढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-वडिदमार-चैते-रामपुर सडक, अर्घाखाँची | अर्घाखाँची | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | २९.९९९०९२१ | नयाँ आयोजना |
| १० | २०८२।८३ | वाग्दुला मच्छी सडक | प्यूठान | सडक पूर्वाधार | २ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३००००००००० | नयाँ आयोजना |
| ११ | २०८२।८३ | गैडाकोट-जुभुङ्ग-मजुवा सडक | गुल्मी | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | २९९९९३०७० | नयाँ आयोजना |
| १२ | २०८२।८३ | महेशपुर-सुर्यपुरा-त्रिवेणी (कुडिया) सडक | नवलपरासी व.सु.प. | पूर्वाधार क्षेत्र | ३ वर्ष | भौतिक पूर्वाधार विकास मन्त्रालय | २९९८७९८१९.३९ | नयाँ आयोजना |
| | | जम्मा | | | | | ६३९९२१६६०७.८७ | |

आ.व. २०८२।८३ को संघीय [illegible] अनुदानका लागि प्रस्तावित आयोजनाहरुको प्राथमिकिकरण अनुसारको विवरण

| प्राथमिकता क्रम नं. | शुरु आ.व. | आयोजनाको नाम | आयोजना संचालन रहेको जिल्ला | विषय क्षेत्र | अवधि | कार्यान्वयन गर्ने मन्त्रालय | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७९।८० | प्यूठान अस्पतालको भवन निर्माण | प्यूठान | स्वास्थ्य | ३ वर्ष | स्वास्थ्य मन्त्रालय | २४४०१५८२३ | क्रमागत |
| २ | २०७९।८० | ठूला विद्यालयहरुमा विज्ञान शिक्षा विकासका लागि पूर्वाधार सहयोग कार्यक्रम | गुल्मी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, वर्दिया, पाल्पा | शिक्षा | ३ वर्ष | सामाजिक विकास मन्त्रालय | ३०००००००० | क्रमागत |
| ३ | २०८०।८१ | कृषि उपज संकलन केन्द्र,वाणगंगा-११ कपिलवस्तु | कपिलवस्तु | कृषि | ३ वर्ष | कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | २९९७००००० | क्रमागत |
| ४ | २०८१।८२ | महिला वालवालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम | १२ जिल्ला | स्वास्थ्य | ३ वर्ष | स्वास्थ मन्त्रालय | २६५७००००० | क्रमागत |
| ५ | २०८१।८२ | प्रदेश राजधानीको फोहोर व्यवस्थापन तथा संकलन केन्द्र | दाङ | शहरी विकास मन्त्रालय | ३ वर्ष | शहरी विकास तथा खानेपानी मन्त्रालय | १८५७००००० | क्रमागत |
| ६ | २०८०।८१ | राप्ती प्राविधिक शिक्षालयमा भौतिक पूर्वाधार निर्माण | दाङ | शिक्षा | ३ वर्ष | सामाजिक विकास मन्त्रालय | १९०३६३१२५ | क्रमागत |
| ७ | २०८२।८३ | थारु संस्कृति संरक्षण तथा व्यवसायीकरण कार्यक्रम | तराईका ६ जिल्ला | संस्कृति | ३ वर्ष | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | १०००००००० | नयाँ आयोजना |
| ८ | २०८२।८३ | शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि (स्मार्ट विद्यालय कार्यक्रम) | रुपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प.), गुल्मी, प्युठान, अर्घाखाँची, पाल्पा | शिक्षा | १ बर्ष | सामाजिक विकास मन्त्रालय | १०००००००० | नयाँ आयोजना |
| ९ | २०८२।८३ | खानेपानी गुणस्तर सुधार कार्यक्रम | रुपन्देही, कपिलवस्तु, गुल्मी र प्युठान, अर्घाखाँची, पाल्पा | खानेपानी | २ वर्ष | शहरी विकास तथा खानेपानी मन्त्रालय | १०००००००० | नयाँ आयोजना |
| १० | २०८२।८३ | डिप ट्युववेल सिंचाई योजनाको पुनर्स्थापना कार्यक्रम | तराईका ६ जिल्ला | सिंचाई | २ बर्ष | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ५६३४६०७७ | नयाँ आयोजना |
| ११ | २०८२।८३ | पावराटार सिंचाई योजना, सितगंगा १४ अर्घाखाँची | अर्घाखाँची | सिंचाई | ३ बर्ष | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ७३५८८९०० | नयाँ आयोजना |
| | | | | | | जम्मा | १९१५४१३९२५ | |

**अनुसूची ७: आयोगमा कार्यरत हालसम्मका उपाध्यक्षहरुको विवरण**


| क.स. | नाम, थर | कार्यरत अवधि |
|---|---|---|
| १ | डा. प्रकाश श्रेष्ठ | वि.सं. २०७४/१२/०६ देखि २०७६/०२/१४ |
| २ | प्रा.डा. ईश्वर गौतम | वि.सं. २०७६/०३/११ देखि २०७८/०४/२७ |
| ३ | बामदेव क्षेत्री (घिमिरे) | वि.सं. २०७८/०५/१६ देखि२०७९/०६/२३ |
| ४ | डा. नहकुल के.सी. | वि.सं.२०८०/०१/२७ देखि २०८०/१२/२२ |
| ५ | सरोज खनाल | वि.सं.२०८१/०२/२० देखि २०८१/०४/०६ |
| ६ | डिल्ली राज अर्याल | वि.सं. २०८१/०५/२० देखि हालसम्म |

**अनुसूची ८: आयोगको सचिवालयमा कार्यरत हालसम्मका प्रमुखहरुको विवरण**

| क.सं. | कार्यालय प्रमुखको नाम थर | पद | कार्यरत अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | तिलक खड्का* | नि. प्रशासकीय प्रमुख | २०७६।०९।२० | २०७६।११।१८ |
| २ | लेखनाथ घिमिरे | नि. प्रशासकीय प्रमुख | २०७६।११।१९ | २०७७।०८।३० |
| ३ | सुमन पौडेल | नि. प्रशासकीय प्रमुख | २०७७।९।०१ | २०७९।०६।०७ |
| ४ | अनन्तपाणी मरासिनी | नि. प्रशासकीय प्रमुख | २०७९।०६।०८ | २०७९।११।१५ |
| ५ | पोषन राज भण्डारी | प्रशासकीय प्रमुख | २०७९।१२।०१ | २०८०।१०।२७ |
| ६ | याम नारायण देवकोटा | सचिव | २०८०।१०।२८ | २०८०।११।२३ |
| ७ | खिम वहादुर कुँवर | सचिव | २०८०।११।२४ | हालसम्म |

*** अर्थ मन्त्रालयसहित योजना आयोगको जिम्मेवारी**

# अनुसूची ९: आ.व. २०८१।८२ मा संचालित कार्यक्रमहरुको केही तस्वीरहरु






दोस्रो आवधिक योजनाका सम्बन्धमा निजी क्षेत्रका संघसंस्थाहरुसंगको छलफल कार्यक्रम





मिति २०८१ मंसिर १३ गते सम्पन्न भएको प्रदेश विकास समस्या समाधान समितिको बैठक


लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना
(आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को
निर्देशक समितिको
बैठक
मितिः २०८१ पुस २३
लुम्बिनी प्रदेश सरकार
लुम्बिनी प्रदेश योजना आयोग
राप्ती उपत्यका (देउखुरी), नेपाल



## दोस्रो आवधिक योजना तर्जुमा गर्न बनेको संस्थागत व्यवस्था बमोजिमको निर्देशक समितिको बैठक






कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरुसंग अनुभव आदान प्रदान कार्यक्रम






दोस्रो आवधिक योजनाको मस्यौदा प्रदेश सरकारसमक्ष सिफारिस गर्ने प्रयोजनार्थ बसेको प्रदेश विकास परिषद्को बैठक

मिति २०८१।११।१९ गते सम्पन्न भएको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक





मिति २०८१।११।१९ गते सम्पन्न भएको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक






मिति २०८१ चैत्र १९ गते सम्पन्न भएको प्रदेश विकास समस्या समाधान समितिको बैठक




स्वच्छ तथा पोषणयुक्त खाद्यमा सबैको पहुँच विषय खाद्य प्रणाली संवाद कार्यक्रम